"समुदायमा आधारित दिगो, भरपर्दो, सक्षम तथा सदस्यहरुको सम्पूर्ण
वित्तीय आवश्यकता पूरा गर्ने उत्कृष्ट सहकारी"

द.नं. : ३०/२०५२/०५३
पान नं. : ३०३८३६९२२

NEFSCUN

25 Years ANNIVERSARY

# सुनगाभा

## बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलाम

## SUNGAVA SAVING & CREDIT CO-OPERATIVE LTD., ILAM

# १९ औं वार्षिक साधारण सभा तथा रजत वर्ष : २०७८

# वार्षिक प्रगति, नीति कार्यक्रम र वित्तीय प्रतिवेदन

Contact :
Ilam Municipality, Ilam
Phone : 027-524797 Fax : 027-524797
E-mail : sungava.cooperative@gmail.com

१० पौष, २०७८

# सुनगाभा

## बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलाम

२०७७ फागुन २ गते सम्पन्न सञ्चालक समितिको बैठकबाट गठित बिभिन्न उप-समितिहरु

| क्र.सं | नाम थर | पद | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| | | **सहकारी शिक्षा उप-समिति** | | |
| १ | नविन लामिछाने | संयोजक | इ.न.पा. ७ | ९८४२६३५८५ |
| २ | रेनुका फागो | सदस्य | इ.न.पा. ७ | ९८४२६३५१८ |
| ३ | शंखर आचार्य | सदस्य | इ.न.पा. ८ | ९८४२७९८८९ |
| | | **ऋण स्वीकृत उप-समिति** | | |
| १ | बालकृष्ण बस्नेत | संयोजक | इ.न.पा. ७ | ९८५२६८०२५ |
| २ | भुवन सुवेदी | सदस्य | इ.न.पा. ६ | ९८४२६२७९८ |
| ३ | उत्तम ताम्राकार | सदस्य | इ.न.पा. ७ | ९८५२६८०९६ |
| | | **धितो मूल्यांकन उप समिति** | | |
| १ | जीवन कोइराला | संयोजक | इ.न.पा. ७ | ९८५२६८०२० |
| २ | बोधनारायण दहाल | सदस्य | इ.न.पा. ६ | ९८४००५५४५ |
| ३ | गणेश घिमिरे | सदस्य | इ.न.पा. ८ | ९८४२७२७२४ |
| | | **महिला उद्यमशीलता बिकास तथा महिला शसक्तिकरण उप-समिति** | | |
| १ | यसोदा देवान | संयोजक | इ.न.पा. ७ | ९८४२६२७५० |
| २ | सुभद्रा देवान | सदस्य | इ.न.पा. ७ | ९८६२६७०३८ |
| ३ | सरिता खवास सुवेदी | सदस्य | इ.न.पा. ६ | ९८४२७९८३३ |
| | | **सदस्यता बृद्धि तथा सेवाकेन्द्र ब्यवस्थापन उप-समिति** | | |
| १ | गंगा उप्रेती | संयोजक | इ.न.पा. ७ | ९८४२७३५८५ |
| २ | सुमन दाश | सदस्य | इ.न.पा. ६ | ९८५२६८०५ |
| ३ | निर्लज्जा खड्गी | सदस्य | इ.न.पा. ७ | ९८४२६६३६ |
| ४ | अम्बिका कार्की | सदस्य | इ.न.पा. ९ | ९८४२७८०२ |
| ५ | सन्जु भट्टराई | सदस्य | इ.न.पा. ६ | ९८४०९९७१ |
| | | **ऋण अनुगमन उप-समिति** | | |
| १ | चन्द्रमणी भट्टराई | संयोजक | इ.न.पा. ७ | ९८४४६९२२ |
| २ | पर्शुराम घिमिरे | सदस्य | इ.न.पा. ७ | ९८५२६८१२ |
| ३ | खगेन्द्र सुवेदी | सदस्य | इ.न.पा. ९ | ९८४२७९२ |

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## इलाम

Green Ilam

प्रदेश नं. १, नेपाल



प.सं. : प्र.शा.(  )०७८।०७९
च.नं.

**शुभकामना**

इलाम नगरपालिका वडा नं. ७ मा रहेको सुनगामा बचत तथा ऋण सहकारी संस्था लि. इलामले १९ औ वार्षिक साधारण सभा तथा २५ औ स्थापना दिवस (रजत वर्ष) को अवसरमा आफ्नो विविध गतिविधि तथा कार्यसम्पादनलाई समेटेर वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गर्न लागेकोमा हर्षित छु।

वि.सं. २०६२-६३ को जन आन्दोलनको परिणामस्वरुप नेपाल संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था भएको मुलुकको रुपमा रुपान्तरण भएको सबैमा विदितै छ। जनताबाट निर्वाचित ऐतिहासिक संविधान सभाद्वारा वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान बमोजिम आवधिक निर्वाचन सम्पन्न भई संघ, प्रदेश र स्थानीय तहमा राज्य संरचना स्थापित भएका छन्।

नेपालको संविधानले सहकारी संस्थासम्बन्धी नीति, कानुन, मापदण्डको निर्माण तथा कार्यान्वयन र नियमको अधिकार स्थानीय तहलाई समेत दिएको छ। संविधानबाट प्रदत्त अधिकारबमोजिम इलाम नगरपालिकाले नगरको स्थानीय सहकारी संस्थाहरुको विकास, विस्तार तथा नियमनका लागि इलाम नगरपालिका, सहकारी ऐन, २०७४ जारी गरेको छ।

इलाम नगर क्षेत्रमा एउटा नमुना सहकारी संस्थाको रुपमा सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलामको चिनारी रहेको छ र यस संस्थाले सहकारीसम्बन्धी गतिविधिहरुलाई अग्रताका साथ अगाडि बढाइ रहेको छ। यस सहकारी संस्थाको सकारात्मक भूमिकाले स्वच्छ समृद्ध सुसंस्कृत निर्माणको अभियानसँगसँगै इलामको आर्थिक उन्नति तथा रोजगारी सिर्जनामा सहयोग पुर्‍याई रहेको छ।

आर्थिक उन्नतिका लागि यस्तो भूमिका निर्वाह गरिरहेको यस सहकारी संस्थाले प्रकाशन गर्न लागेको यस पुस्तिकामा समेटिएका गतिविधि तथा प्रगति विवरणले संस्थाका बारेमा सूचना प्रवाह गर्न सफल हुनेछ भन्ने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु।

मितिः-२०७८/०८/२०

महेश वस्नेत
प्रमुख
इलाम नगरपालिका

नगर प्रमुख

नेफस्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

NEPAL FEDERATION OF SAVINGS AND CREDIT COOPERATIVE UNIONS LTD.



श्री अध्यक्षज्यू
सुनगाभा साकोस
इलाम, इलामचोक ।

## शुभकामना

यस संघमा आबद्ध **सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.**ले आफ्नो स्थापनाको २५ बसन्त पार गर्दै २६ वर्ष प्रवेशको पुनित उपलक्ष्य साथै १९औं वार्षिक साधारणसभाको अवसरमा **"वार्षिक प्रतिवेदन"** प्रकाशन गर्न गइरहेको जानकारी पाउँदा हामी अत्यन्त हर्षित भएका छौं ।

संस्थाको यस २६ औं वर्ष प्रवेशले संस्थालाई सहकारी मूल्य मान्यता र सिद्धान्तको परिधिभित्र रही नीति, विधि र प्रविधिको उच्चतम प्रयोग गरी सदस्य र समुदायमा केन्द्रीत भई सञ्चालन गर्न मार्गदर्शन प्रदान गरोस भन्दै संघको तर्फबाट पूर्ण सफलताको शुभकामना सहित त्यस संस्थाका सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

संस्थाको रजत वर्ष सँगै कोभिड-१९ ले सदस्य र समुदायमा पारेको प्रभावको सम्बोधनका लागि व्यवसाय पुनरुत्थान सहित सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट रजत वर्ष पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक बधाई दिन चाहन्छु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरूलाई नेपालको साकोस अभियानमा प्रयोग गर्न क्रियाशील छौं । "सबल र दीगो वित्तीय सहकारीहरूको साझा सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न आ-आफ्नो क्षेत्रबाट सहयोगको अपेक्षा गर्दै स्थानीयस्तरबाट सम्भव भएसम्म साकोस निर्माणमा पहल गर्न गराउनुहुन अनुरोध सहित संस्थाको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !!

मिति: २०७८/०८/१४

परितोष पौड्याल
अध्यक्ष

मध्यबानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं.१९६९, फोन : +९७७-१-४७८०७०१, ४७८११६३
इमेल: nefscun@nefscun.org.np



## हार्दिक शुभकामना

प्रस्तुत विषयमा इलाम बजार,नेपाल स्थित **सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.** को १९ औं वार्षिक साधारण सभा तथा २५ औं स्थापना दिवस (रजत वर्ष)को पुनित अवसरमा स्थापना कालदेखि हालसम्म सञ्चालन गरेका कार्यक्रमहरु,वार्षिक कार्ययोजना,लेखा प्रतिवेदन तथा विविध गतिविधिलाई समेटेर **"वार्षिक प्रगति प्रतिवेदन पुस्तिका"** प्रकाशन गरि सदस्य माझ पुऱ्याउन लागेको थाहा पाउँदा अत्यन्त खुशी लागेको छ।

यस सहकारी संस्थाले सहकारी र कृषि क्षेत्रमा पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिवी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र व्यवस्थापनमा संचालन हुने सहकारी पद्धति मार्फत आम समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको कदर गर्दछु।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ (कोरोना) महामारीको कारण देशमा असहज परिस्थिति भएता पनि सहकारी संस्थाको माहामारी साधारणसभा संचालन निर्देशिका बमोजिम आफ्ना सदस्यहरुलाई एकताबद्ध राख्न संस्थाका गतिविधि तथा सेवाको विषयको जानकारी दिन संस्थागत सुशासन कायम राखी सहकारी ,अभियानलाई मुर्त रुप दिदै **वार्षिक साधारण सभा तथा रजत वर्ष मनाउन** लागेकोमा अत्यन्त सराहना व्यक्त गर्दछु।

साथै गरीबि न्यूनिकरण, लैंगिक समानता ,सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न,, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि संचालन गरी सहकारी अभियानमा अग्रणी स्थान हासिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित यस सहकारी संस्थाको **"वार्षिक प्रगति प्रतिवेदन पुस्तिका"** प्रकाशनको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिती : २०७८/०८/१३

के.वी. उप्रेती
अध्यक्ष

'हाम्रो लक्ष्य: सम्पूर्ण सहकारीको दिगो भविष्य'
केन्द्रीय कार्यालय,कुपण्डोल, ललितपुर WWW.NCBL.COOP ncbl@ncbl.coop

# नेफस्कून

## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

NEPAL FEDERATION OF SAVINGS AND CREDIT COOPERATIVE UNIONS LTD.



श्री अध्यक्षज्यू
सुनगाभा साकोस, इलाम बजार इलाम ।

## शुभकामना

यस संघमा आवद्ध **सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.** को रजत वर्ष साथै १९औं वार्षिक साधारणसभाको अवसरमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं । साकोसहरु विशुद्ध रुपमा वित्तीय कारोवारमा केन्द्रित सहकारी भएकोले वित्त परिचालनमा निहित
जोखिमको सम्वेदनशीलतालाई वोध गर्दै वित्तीय सुशासन सहित समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरण विकासका
लागि सदस्यहरुको सक्रिय सहभागिता सहित प्रतिवद्धताका साथ अगाडि बढ्न आग्रह गर्दछौं ।

सहकारी मूल्य मान्यता र सिद्धान्तको परिधिभित्र रही नीति, विधि र प्रविधिको उच्चतम प्रयोग गरी सदस्य र समुदायमा केन्द्रीत
भई सञ्चालनमा रहन र कोभिड १९.बाट सदस्यहरुमा परेको प्रभावलाई सुरक्षित वित्तीय समाधान सहित व्यवसाय पुनरुत्थान
आर्थिक जीवनमा सहजीकरण ल्याउने उद्देश्यकासाथ कार्य गर्न उचित मार्गदर्शन प्राप्त होस जसको लागि व्यवसाय निरन्तरत
योजना निमार्ण गरी व्यवहारिक कायान्वयनमा ध्यान दिन समेत अनुरोध गर्दै, संघको तर्फबाट पूर्ण सफलताको शुभकामना सहि
त्यस संस्थाका सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

संस्थाले आफ्नो प्रगतिको यथोचित समिक्षा गर्दै आउने दिनमा अझ गुणस्तरीय सेवा प्रदान गर्दै दोहोरो सदस्यता अन्त्यका ला
र साकोसको थप सुदृढीकरणका निम्ति आ-आफ्नो क्षेत्रवाट स्थानीयस्तरमा साकोस एकीकरणका लागि पहल गर्नु गराउनु
समेत अनुरोध गर्दछु, नेफस्कूनबाट अघि सारिएका स्तरीकरण कार्यक्रम तथा स्थिरीकरण कोषमा सहभागिताका लागि स
अनुरोध गर्दै नेफस्कून सगको सहकार्य अझ व्यवसायिक र फलदायि होस भन्ने पनि कामना गर्दछु ।

हामी साकोस अभियानको चरणवद्ध विकासका कार्यमा योजनावद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण
स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस
र सफल अभ्यासहरूलाई नेपालको साकोस अभियानमा प्रयोग गर्न क्रियाशील छौं । "सवल र दीगो वित्तीय सहकारीहरूको सा
सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न आ-आफ्नो क्षेत्रवाट सहयोगको अपेक्षा गर्दै स्थानीयस्तरबाट सम्भव भएस
साकोस निर्माणमा पहल गर्न गराउनुहुन अनुरोध सहित संस्थाको उत्तरोत्तर प्रगतिका लागि पुन: हार्दिक शुभकामना व्यक्त ग
।

जय सहकारी !
मिति: २०७८/०८/२१

प्रकाश प्रसाद पोखरेल
प्रमुख कार्यकारी अधिकृत

नयाँबानेश्वर, काठमाडौं,
पो.ब.नं.१९६९, फोन : +९७७-१-४७८०२०९, ४७८
इमेल: nefscun@nefscun.or

पान: ६१६०५३३१८ दर्ता नं.: ०४

# प्रदेश नं. १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेड

दमक, झापा

प.सं. 28
च.नं. 068/069

मिति: 2068/08/2

श्री अध्यक्ष ज्यू
सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि., इलाम बजार इलाम ।



शुभकामना

यस संघमा आवद्ध सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. को रजत वर्ष साथै १९औं बार्षिक साधारणसभाको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । सहकारीमा आवद्ध सदस्यहरुलाइ व्यवसायिक बनाउने अभियान चलाउदै सदस्यहरुमा उत्पादनलाइ सहकारीले व्यवस्थित,गुणस्तरियता सहितको बजारमा पुरियाउन तहाको सहकारीले महत्वपुर्ण भुमिका निर्भाह गर्ने छ भन्ने कुरामा हामी बिश्वस्त छौ ।

अबको सहकारी अभियान बचत तथा ऋण कारोबार सँगै सदस्यहरुका उत्पादनलाइ प्रशोधन र बजारीकरण गर्नु आवश्यक देखिन्छ सोहि अवधारणालाइ आत्मासाथ गर्दै यस प्रदेश न: १ थोक उपभोक्ता बिशिष्टिकृत सहकारी सघं लि.ले तपाइ प्रारम्भिक सहकारीमा सदस्यहरुको उत्पादनलाइ बजार सम्म पुरियाउने साथै प्रारम्भिक संस्थामा आवद्ध सदस्य तथा सहकारीहरुलाई आवश्यक पर्ने दैनिक उपभोग्य , कृषि औजार उपकरण ,स्टेसनरी लगायतका वस्तुहरुको परिपुर्ति गराउने अभियानमा हामी लागेका छौ सो अभियान चलाउन तपाइहरुको संस्था सफल हुनेछ भन्ने अपेक्षा पनि राख्दछौ ।

निति, विधि र प्रविधिको उच्चतम प्रयोग गरि सहकारीको मुल्य,मान्यता र सिद्धान्तको परिधि भित्र सदस्यहरुलाइ थप व्यवसायिक बनाउन,संस्था सबल,दिगो व्यवसायिक नमुना सहकारीको पहिचान बनाउन सफल हुनेछ ,सञ्चालक समिति ,सम्पुर्ण शेयर सदस्य ज्युहरुमा हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु ।

हाल संस्थाले संचालनमा आएका नियमित कार्यक्रमहरुलाइ ब्यवस्थित समय सपेक्ष परिमार्जन र प्रगति समिक्षा गर्दै आउने गुणस्तरिय सेवा सहित सदस्यहरुलाइ थप व्यावसायिक ,उत्पादनमा अगाडी बढाउन सफलता प्राप्त गर्नुहोस संस्थाको उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !!
मिति: २०७८/०८/२४

प्रेम सापकोटा
प्रवन्ध सञ्चालक

डि.स.का.इलाम संस्थादर्ता नं. १९/२०३१/०३२

"आर्थिक रुपान्तरणकालागि सहकारी अभियान"

# जिल्ला सहकारी संघ लिमिटेड,इलाम
# DISTRICT CO-OPERATIVE FEDERATION LTD. OF ILAM

स्था : २०३१



## शुभकामना ।

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलाम, इलाम जिल्लामा एक परिचित सहकारीको रुपमा संचालनमा रहेको छ । संस्थाले १९ औ वार्षिक साधारण सभाको अवसर पारेर रजत जयन्ती मनाउन लागेको थाहा पाउँदा अत्यन्त खुशी लागेको छ ।

मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीबी न्यूनीकरणको लागी सार्वजनिक, निजी र सरकारी क्षेत्र सहितको तीन खम्बे अर्थनिति मध्ये एउटा दरिलो खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको महत्व थप उजागर भएको परिप्रेक्ष्यमा यस सहकारीले समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयनको लागी महत्वपूर्ण भूमिका खेलेको छ । यस सहकारी संस्था २०५२ मा इलाम जिल्लामा स्थापना भएर सहकारी संस्थामा आवद्ध शेयर सदस्यहरुलाई आर्थिक रुपमा सम्पन्न गराउन सराहनिय कार्य गरेको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्मको लागि दिगो विकास लक्ष्यहरु तय गरे अनुरुप ऐक्यबद्धता जनाउँदै नेपालको सहकारी अभियानले पनि **"दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी"** भन्ने भावका साथ साझेदारीमूलक कार्यक्रमहरु तर्जुमा गर्दै आएकोले यस सहकारी संस्थाले पनि सदस्य केन्द्रित व्यवसायिक गतिविधि गरी परिणाममुखी कार्यक्रमहरु गर्ने अपेक्षा लिएको छु ।

यस सहकारी संस्थाले सहकारीको क्षेत्रमा पुराएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपालजस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक बिकासमा क्षेत्रीय समानता, व्याप्त गरिबी, र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको निम्ति युवा स्वरोजगार कार्यक्रम तथा व्यवसायमुखी योजनाहरु संञ्चालन गरी सहकारी पद्धती मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा योगदान पुर्याउने र सदस्यहरुको क्षमता अभिवृद्धि र जिबीकोपार्जनका लागी अझ व्यापकरुपमा सहकारी अभियान चलाएमान हुने विश्वास लिएको छु ।

अन्त्यमा आगामी दिनमा यस सहकारीले थप दिशानिर्देस गर्न सकोस् भन्ने कामनाका साथ रजत बर्षको शुभकामना व्यक्त गर्दछु ।

विष्णु दाहाल
अध्यक्ष

"सहकारीको अपरिहार्यता : इमान्दारिता र पारदर्शिता" 

डि.स.का. दर्ता नं. इलाम १०८/०५८/०५९

# बचत तथा ऋण जिल्ला सहकारी संघ लि., इलाम

SAVING AND CREDIT DISTRICT CO-OPERATIVE FEDERATION LTD. OF ILAM

सम्पर्क फोन नं.०२७-५२१७६५

फ्याक्स नं. ०२७-५२०१२७

प.सं. ०७८।७९

च.नं. ०८

मिति : २०७८।८।२३

श्रीमान अध्यक्ष ज्यू
श्री सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.
इलाम नगरपालिका वडा नं.७ इलाम

## शुभकामना

बचत तथा ऋण जिल्ला सहकारी संघ लि. इलाममा आवद्ध सदस्य सं.स्था सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. को रजत वर्ष २०७८ तथा १९ औं बार्षिक साधारण सभाको सुखद अवसरमा संस्था परिवारमा सहकारी अभिवादन सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

इलाम जिल्लाको सहकारी अभियानमा सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.ले पुर्‍याएको योगदान उच्च प्रशंसनीय छ । सहकारीको मुल्य मान्यता,सिद्धान्तहरुलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्दै सदस्यहरुको आर्थिक सामाजिक र सांस्कृति रुपान्तरणका आगामी दिनमा थप उत्साहका साथ अगाडी बढ्ने प्रेरणा मिलोस भन्ने कामना सहित बचत तथा ऋण जिल्ला सहकारी संघ लि. इलामसंगको सहकार्यले निरन्तरता पाउने अपेक्षा सहित पुनः संस्थाको रजत बर्ष २०७८ तथा १९ औं बार्षिक साधारण सभाको अवसरमा सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. तथा सबै सदस्यहरुको उज्ववल भविष्यको लागि शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी

मिति: २०७८।०८।२३

२०७८।८।२३

लिलाप्रसाद थापा
अध्यक्ष

**पत्राचार गर्ने ठेगाना :**
बचत तथा ऋण जिल्ला सहकारी संघ लि. इलाम
इलाम नगरपालिका वडा नं.६ धोबीधारा इलाम

NEFSCUN

# सुनगाभा
# बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलाम



सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड,इलामको १९ औं बार्षिक साधारण सभा तथा रजत बर्ष मनाउने क्रममा इलामको अग्रज गैर सहकारी संस्था सुनगाभा क्लव इलामको अगुवाइमा जनसमुदायमा छरिएर रहेको पूंजीलाई एकीकृत गरि सदस्यहरुको आर्थिक,सामाजिक र सास्कृतिक विकास गर्ने उद्धेश्य राखि अग्रजहरुको भेलाले २०५२ पौष १८ गते विधिवत् रुपमा दर्ता भइ निरन्तर रुपमा सहकारीको मर्म भावनालाई आत्मासाथ राखि सदस्यहरुको मनोभावनालाई पूरा गर्ने दृढ सङ्कल्प सहित २५ बर्ष पूरा गरि रजत बर्षको मनाउन सफल बनाउनु हुने शेयर सदस्य,संचालक समिति,विभिन्न उपसमितिका पदाधिकारी सदस्य , कर्मचारी , सरोकारवाला निकाय र सहयोगी मित्रहरु प्रति आभार प्रकट गर्दछु ।

यस सन्दर्भमा इलाम नगर क्षेत्रलाई कर्मथलो बनाइ सहकारीका मुल्य,मान्यता र सहकारीको भावनाले भरिएको यस सुनगाभा बचत तथा ऋण सहकारी संस्थाले संस्थागत विकास र शेयर सदस्यको हित,राहातका प्याकेज र विविध कार्यक्रमका साथ सबै सँग हातेमालो गरि २५ बर्ष पूरा गर्न सफल भएकोमा हामी सबैले गरेको कार्यको प्रतिफल हो भन्ने भावना राखि आगामी दिनमा पनि सवैको भावनालाई कदर गर्दै समन्वयकारी भूमिका निर्वाह गरी अब्बल सहकारी संस्था बनाउन सफल हौं भन्ने कामना व्यक्त गर्दछु ।

अन्त्यमा सहकारी संस्था स्थापना गर्न सहजिकण गर्ने सुनगाभा क्लव,पूर्व संचालक समिति, उपसमिति, कर्मचारीले पुयाउनु भएको योगदानको कदर गर्दै,यस धर्तीवाट परलोक गमन हुनु भएका शेयर सदस्यहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै,सबै शेयर सदस्य,सन्चालक समिति,उपसमिति र कर्मचारीहरुमा जोस जागरका साथ काम गर्ने प्रेरणा मिलोस् भन्ने कामनाका गर्दै १९ ओ बार्षिक साधारण सभा तथा रजत बर्षका उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**ईश्वरकुमार सुवेदी**
सल्लाहकार
सुनगाभा बचत तथा ऋण सहकारी संस्था
लिमिटेड,इलाम

# सुनगाभा
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलाम



सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलामको १९ औं बार्षिक साधारण सभा तथा रजत बर्ष मनाउने क्रममा इलामको अग्रज गैर सहकारी संस्था सुनगाभा क्लव इलामको अगुवाइमा जनसमुदायमा छरिएर रहेको पूंजीलाई एकीकृत गरि सदस्यहरुको आर्थिक, सामाजिक र सास्कृतिक विकास गर्ने उद्धेश्य राखि अग्रजहरुको भेलाले २०५२ पौष १८ गते विधिवत् रुपमा दर्ता भइ निरन्तर रुपमा सहकारीको मर्म भावनालाई आत्मासाथ राखि सदस्यहरुको मनोभावनालाई पूरा गर्ने दृढ सङकल्प सहित २५ बर्ष पूरा गरि रजत बर्षको मनाउन सफल बनाउनु हुने शेयर सदस्य, संचालक समिति,विभिन्न उपसमितिका पदाधिकारी सदस्य , कर्मचारी , सरोकारवाला निकाय र सहयोगी मित्रहरु प्रति आभार प्रकट गर्दछु ।

यस सन्दर्भमा इलाम नगर क्षेत्रलाई कर्मथलो बनाइ सहकारीका मुल्य, मान्यता र सहकारीको भावनाले भरिएको यस सुनगाभा बचत तथा ऋण सहकारी संस्थाले संस्थागत विकास र शेयर सदस्यको हित,राहातका प्याकेज र विविध कार्यक्रमका साथ सबै सँग हातेमालो गरि २५ बर्ष पूरा गर्न सफल भएकोमा हामी सबैले गरेको कार्यको प्रतिफल हो भन्ने भावना राखि आगामी दिनमा पनि सवैको भावनालाई कदर गर्दै समन्वयकारी भूमिका निर्वाह गरी अब्बल सहकारी संस्था बनाउन सफल हौं भन्ने कामना व्यक्त गर्दछु ।

अन्त्यमा सहकारी संस्था स्थापना गर्न सहजिकण गर्ने सुनगाभा क्लव,पू र्व संचालक समिति, उपसमिति, कर्मचारीले पुयाउनु भएको योगदानको कदर गर्दै, सबै शेयर सदस्य, सन्चालक समिति,उपसमिति र कर्मचारीहरुमा जोस जागरका साथ काम गर्ने प्रेरणा मिलोस् भन्ने कामनाका गर्दै १९ औं बार्षिक साधारण सभा तथा रजत बर्ष २०७८ का उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**नरेन्द्र खड्का**
सल्लाहाकार
सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
इलाम

# सुनगाभा
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलाम

## १९ औ साधारण सभा तथा रजत वर्ष-२०७८



विश्व परिवेशमा सहकारी अभियान सन् १८२५ बाट रोवर्ट ओवनको संलग्नतामा सुरु भई सहकारीको संस्थागत विकासक्रम भने सन् १८४४ अक्टुवर २४ मा बेलायतबाट सुरु भएको पाइन्छ । यसपछि क्रमशःविश्वका अन्य मुलुकहरूमा सहकारीको विस्तारसँगै नेपालमा सहकारीको विकासका लागि वि.सं.२०१३ चैत २० गतेबाट सहकारी संस्थाहरूको स्थापना भएको पाइन्छ । सहकारी संस्थाहरूलाई व्यवस्थित गर्नका लागि वि.सं.२०१६ मा सहकारी ऐन, वि.सं.२०१८ मा सहकारी नियमावली जारी गरिए तापनि सहकारी संस्थाहरू पूर्ण रुपमा सरकारी नियन्त्रणमा रहेका थिए । देशमा २०४६।०४७ को राजनैतिक परिवर्तन सँगै २०४८ मा सहकारी ऐन र २०४९ मा सहकारी नियमावली जारी भएपछि देशका हरेक क्षेत्रमा समुदायमा आधारित सहकारी संस्थाहरू स्थापनाको क्रममा तीव्रता आयो । यही क्रमसँगै इलाम जिल्लामा पनि प्रारम्भिक सहकरी संस्थाहरूको दर्ता गर्ने क्रमबड्दै गयो । यसरी समुदायमा आधारित प्रारम्भिक सहकारी संस्थाको रुपमा सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.का प्रतिनिधिहरूको मितिः२०५२ साल भाद्र ३ गतेको भेलाले श्री सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.को नामाकरण गरि मितिः२०५२ साल पुस १८ मा तत्कालिन जिल्ला सहकारी कार्यालय,इलाममा विधिवत रुपमा दर्ता गरिएको संस्था हो ।

सुनगाभा बचत तथा ऋण सहकारी संस्थाले स्थापना कालदेखि नै संस्थामा आवद्ध सेयर सदस्यहरूको क्षमता अभिबृद्धि,स्थायित्व एवम् दिगो विकास र सहकारी मुल्य,मान्यता र सिद्धान्तहरूलाई मार्ग निर्देशनका रुपमा लागु गर्ने र गराउने कार्ययोजनाका साथ अघि बढिरहेको पाइन्छ । यस संस्थाले सञ्चालन गर्ने विभिन्न तालिम,गोष्ठि, सेमिनार, वित्तिय साक्षरता आदि कार्यक्रमहरूमा सेयर सदस्यहरू सँग समन्वय तथा सहकार्य अभियानको एक महत्वपूर्ण भुमिका खेलेका कारण यो संस्था जिल्लाका अरु बचत तथा ऋण सहकारी संस्थाहरू मध्ये नमुना योग्य संस्थाको रुपमा स्थापित भए सँगै आज २५ औ बसन्तहरू पार गरी १९ औ वार्षिक साधारणसभा तथा रजत वर्ष-२०७८ हर्षोउल्लासका साथ मनाई रहेका छौ । यो २५ औ वर्षसम्म सफलतापूर्वक संचालनगर्न सहयोग गर्नुहुने तमाम सेयर सदस्यज्युहरू, अग्रज संचालक समिति, लेखासुपरिवेक्षण समिति, भिन्न उपसमितिहरू, कर्मचारी साथीहरू र प्रेरणादायी ब्यक्तित्वहरूमा हामी बर्तमान संचालकहरू हार्दिक आभार प्रकट गर्दछौ । यसै गरि यस संस्थाको १९ औ साधारणसभा तथा रजत वर्ष २०७८ मा हामीलाई जिल्ला स्थित नियामक निकाय,संघ,संस्थाहरू र राष्ट्रिय स्तरका संस्थाहरूबाट लिखित शुभकामना उपलब्ध गराउनु भएकोमा हार्दिक धन्यवाद प्रकट गर्दै आगामि दिनहरूमा समेत यहाँहरूको हौसला, राय, सल्लाह, सुझावको अपेक्षा गर्दछौ ।

मितिः२०७८।०९।१०

गोपाल पौड्याल
(अध्यक्ष)
सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.,
इलाम

# विषय सूची


| विवरण | पेज नं. |
|---|---|
| • १९ औं वार्षिक साधारण सभा तथा रजत वर्ष-२०७८ मा प्रस्तुत वार्षिक प्रगति, नीति तथा कार्यक्रम | १-२२ |
| • १९ औं बार्षिक साधारण सभामा सचिवद्धारा प्रस्तुत प्रतिवेदन ०७८ पौष १० | २३-२६ |
| • १९ औं बार्षिक साधारण सभा तथा रजत बर्ष २०७८ आर्थिक बर्ष २०७७/०७८ को संक्षिप्त आर्थिक विवरण तथा आर्थिक बर्ष २०७८/०७९ का लागि प्रस्तावित वित्तिय लक्ष्य तथा बजेट | २७-३१ |
| • अनुसूची-१ | ३२-३३ |
| • १९ औं बार्षिक साधारण सभा तथा रजत बर्ष २०७८ मा लेखा समितिको तर्फबाट प्रस्तुत गरिएको प्रतिवेदन २०७८ पौष १० | ३४-३५ |
| • सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलाम नगरपालिका -७, इलामका शेयर सदस्य महानुभावहरू समक्ष आ.व. २०७७।०७८ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | ३६-४३ |
| • पर्ल्सका केहि क्षेत्रहरू,अनुपात र लक्ष्यहरूको आधारमा तुलना गर्दा | ४४ |
| • अनुसूची-२ | ४५ |
| • अनुसूची-३ | ४६ |

25 Years

ANNIVERSARY

# सुनगाभा

बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलाम

# १९ औं वार्षिक साधारण सभा तथा रजत वर्ष-२०७८ मा प्रस्तुत वार्षिक प्रगति, नीति तथा कार्यक्रम



यस १९औं साधारणसभा तथा रजत बर्ष विशेष समारोहका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, प्रेरणादायी व्यक्तित्वज्यूहरू, संस्थाका सल्लाहकारज्युहरू, सेयर सदस्यज्यूहरू, कर्मचारी साथीहरू, विभिन्न वित्तीय तथा गैरवित्तीय संघ संस्थाबाट हाम्रो निमन्त्रणलाई स्वीकार गरि उपस्थित हुनुभएका प्रमुख तथा प्रतिनिधिज्यूहरू, वर्तमान सञ्चालक समिति, लेखासुपरिवेक्षण समिति एवं अन्य उप-समितिका सहकर्मी साथीहरू, पत्रकार मित्रहरू र शुभ चिन्तक महानुभावहरू ।

स्थानीय स्तरमा छरिएर रहेको सानो-सानो पुँजीलाई बचतको माध्यमबाट एकीकृत गरी त्यसैको परिचालनबाट संस्थामा संलग्न सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक स्तर माथि उकास्दै वित्तीय आत्मनिर्भरता बढाउने अभिप्रायले विक्रम संवत् २०५२ साल पौष १८ गते यस संस्थाको स्थापना एवं शुभारम्भ गरिएको हो ।

संस्थाको सुरुवात देखिकै, अनिवार्य नियमित मासिक बचत संकलन तथा ऋण परिचालनको सेवामा दिइएको निरन्तरताको, फलस्वरुप सहकारी ऐन २०४८ अन्तर्गत २०५२ साल पौष १८ गते तत्कालीन जिल्ला सहकारी कार्यालय (पछि डिभिजन सहकारी कार्यालय) इलाममा दर्ता नं. ३० मा दर्ता गरिएको थियो । संस्थाले स्थापनाकालबाट नै साविकको संरचनाका सवै वडालाई कार्यक्षेत्र बनाएता पनि विशेष गरि साविकका १ नं. वडा र २ नं. वडा क्षेत्रका सीमित व्यक्तिहरूलाई मासिक रु.५० बचत गराउँदै अगाडि बढिरहेको यस संस्थाले बिचको समय अवधिमा (वि.सं.२०५६ देखि २०५९ सम्म) निष्कृय रहेता पनि उक्त अवधि पश्चात निवर्तमान सञ्चालक समितिहरूको पहलबाट हामी धेरै सदस्यहरूले जागरुकताका साथ पुनः अगाडि बढाईरहँदा संस्था अहिले इलाम नगरपालिकाको हालको संरचना अनुसार वडा नं.५, ६, ७, ८, ९ र १० भित्र सदस्यता वृद्धि, बचत संकलन र सुरक्षित ऋण परिचालनमा अग्रणी संस्थाको रुपमा आफ्ना सेवाहरू विस्तार गरिरहेको छ र भावी दिनहरूमा पनि इलाम नगरपालिकाका सबै वडाहरूमा क्रमिक रुपमा कार्यक्षेत्र विस्तार गरि अगाडि बढ्ने लक्ष्य राखिएको छ । संस्था सुरुवाती समयबाट यो स्तरसम्म आईपुग्नमा निवर्तमान संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समितिहरू, सम्पूर्ण सेयर सदस्यज्यूहरू र कर्मचारी साथीहरूको लगनशीलता, सहभागिता,समझदारी, साथ, सहयोग र प्रतिबद्धताको उपलब्धी हो भन्ने हामीलाई लागेको छ ।

दैनिक जीवनमा सामाजिक मान्यताअनुसार धेरै व्यक्तिगत तथा सामाजिक कार्यहरू गर्ने गरिन्छ । गरिएका ती सबै कार्यहरू सम्भनलायक नहुन पनि सक्छन् अर्थात् सबै सम्भन पनि सकिदैन तर केहि यस्ता कार्यहरू हुन्छन् जुन जीवनभर बिर्सन सकिदैन । ती मध्येको एउटा महत्वपूर्ण कार्य थियो सुनगाभा सहकारी संस्थाको स्थापना । जुन संस्था गौरवमय २५ औं वर्षमा प्रवेश गरी यति बेला रजतवर्ष स्वरुप वर्ष भरिका भिन्न प्रकारका कार्यक्रमहरूको तय गरि उल्लासमय वातावरणमा मनाइरहने कार्यक्रमहरूको तर्जुमा गर्न पाउँदा स्थापनाकालदेखि वर्तमान अवस्थासम्मका सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । रजतवर्षको यो विशेष अवसरमा संस्थाको चालु आ.व.को लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हामी सम्पूर्ण संचालकहरूले गौरवान्तित महशुस गरेका छौं ।

आज मानव जाति नै अस्तित्व संकटको विषम परिस्थितिबाट गुज्रिरहेका छौं । नोवेल कोरोना भाइरस (कोभिड-१९) जस्तो महामारीका कारण आज हामी लगायत विश्व नै सामाजिक र आर्थिक क्षेत्रको उन्नति, प्रगतिमा पछि परिरहेका छौं । जसका कारण उद्योगधन्दा, कलकारखाना, वित्तीय संस्था, कृषि कर्म आदि सबै क्षेत्रलाई कोभिड-१९ ले आक्रान्त बनाईरहेको पृष्ठभूमिमा हाम्रो जस्तो सहकारी संस्थाहरूले पनि क्षति व्यहोर्नु परेकै छ, यद्यपि संस्थाले स्वास्थ्य

सुरक्षाका उच्चतम् मापदण्डहरू अपनाई आफ्ना सदस्यहरूलाई सेवाबाट वञ्चितीकरण हुने अवस्था सृजना हुन दिएन ।

सामाजिक तथा आर्थिक रुपान्तरणका लागि प्रमुख पद्धतिका रुपमा स्थापित भइसकेको सहकारी संस्थाहरूलाई पछिल्लो चरणमा आएर राज्य पक्षले पनि महत्वका साथ हेरेको देखिन्छ । नेपालको संविधान २०७२ ले पनि आर्थिक विकासको अवधारणा अवलम्बन गर्ने सन्दर्भमा सहकारी क्षेत्रको भूमिकालाई महत्व दिएको देखिन्छ । सहकारी क्षेत्रलाई राष्ट्रिय विकासका तीन आधार स्तम्भ मध्ये एकको रुपमा राज्यद्धारा स्वीकार गरिएको छ । मूलुकमा सहकारीको विकास, विस्तार र प्रवर्धनका लागि प्रारम्भिक तहदेखि राष्ट्रिय तहसम्मको सङ्गठनात्मक संरचनाको निर्माण भइसकेको छ । सहकारी मार्फत गरिबी न्युनीकरणमा योगदान पुऱ्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको सहयोग परिचालन हुनसक्ने सम्भावना बढेर गएको छ । सामाजिक एकीकरण, गरिबी न्यूनीकरण, उत्पादनशील रोजगारीको सृजना, मर्यादित एवं सकारात्मक श्रम सम्बन्ध, वातावरण संरक्षण, समतामूलक समावेशी समाजको निर्माण, उद्यमशीलताको विकास, स्वच्छ र प्रतिस्पर्धी व्यावसायिक वातावरणको सृजना, उत्पादनमा वृद्धि जस्ता उपलब्धि हासिल गरी सामाजिक तथा आर्थिक विकासमा सहकारी क्षेत्रबाट योगदान पुऱ्याउने उद्देश्यले सरकारले राष्ट्रिय सहकारी नीति तर्जुमा गरी सार्वजनिक गरिनुले पनि हामीलाई थप हौसला मिलेको अनुभव गरिएको छ । कोभिड-१९ जस्तो महामारीका कारण अस्थिर आर्थिक अवस्थाका बावजुद पनि धेरै कार्यक्रम र वित्तीय सुचाङ्कले लक्ष्य हासिल गर्न सफल भए भने कतिपय कार्यक्रमलाई महत्व, समय सान्दर्भिकता एवं प्राथमिकताका आधारमा निरन्तरता दिइएको छ । यसै पृष्ठभूमिमा रहेर चालु आ.व.का लागि प्रस्ताव गरिएका कार्यक्रमहरूले पूर्णता पाउँछन् भन्ने कुरामा विश्वस्त हुन सक्ने बलिया सम्भावना देखिएका छन् । हाम्रो वर्तमान अवस्थालाई आधार मानी अझ बढी जोस, जाँगर, उत्साह र प्रतिबद्धताका साथ यस सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.को गत आ.व. २०७७/०७८ को प्रगति समीक्षा र चालु आ.व. २०७८/०७९ का लागि प्रस्तावित नीति तथा कार्यक्रम यस गरिमामय साधारण सभामा अध्यक्षको तर्फबाट प्रस्तुत गर्न पाउँनु सौभाग्य ठानेको छु ।

समय र परिस्थिति एवं सदस्यको इच्छा र भावना अनुसार संस्थाले आफ्ना कार्यक्रम र सेवालाई समुदायको हरेक तहसम्म पुऱ्याउने र संलग्न गराउँदै लैजाने प्रयासबाट पुँजी परिचालन र सही रुपमा पूँजीको प्रतिफल लगानीकर्तासम्म पुऱ्याउन आकर्षक एवं प्रतिस्पर्धात्मक ब्याज प्रदान गरी विभिन्न किसिमका बचत कार्यक्रमहरू संचालन गरिरहेको छ ।

| क.सं. | बचतका किसिम | ब्याजदर % |
|---|---|---|
| (१) | मासिक बचत | ९% |
| (२) | विशेष बचत | ९% |
| (३) | दैनिक बचत | ६% |
| (४) | बाल बचत | १०-१२% |
| (५) | विशेष बचत | ९% |
| (६) | कर्मचारी बचत | ७% |
| (७) | स्वास्थ्य उपचार बचत | ७% |
| (८) | घरायसी उपकरण खरिद बचत | ६% |
| (९) | ऐच्छिक बचत | ७% |
| (१०) | भ्रमण बचत | ७% |
| (११) | आवधिक बचत | १०-११% |
| (१२) | शैक्षिक बचत | ६% |
| (१३) | चाडपर्व बचत | ६% |
| (१४) | सुनगाभा सुनौलो भविष्य बचत | १०% |

संस्थाले उल्लेखित बचतमा दिने आजको मितिको ब्याजदर । ब्याजदर बजारदरमा समयसापेक्ष सञ्चालक

समितिको निर्णयानुसार परिवर्तन हुन सक्नेछ । परिवर्तित ब्याजदर संस्थाको सूचनापाटी र आधिकारीक फेसबुक पेजमा प्रकाशन गरिनेछ ।

यसैगरी गत आ.व. २०७७/०७८ को अवधिमा विभिन्न नीतिगत निर्णयका लागि संचालक समितिको बैठक ९ पटक बसेको कुरा जानकारी गराउन चाहान्छौ ।

## बैठकमा पदाधिकारीहरूको उपस्थिति विवरण :

| पद | पदाधिकारीको नाम थर | उपस्थित बैठक संख्या |
|---|---|---|
| अध्यक्ष | गोपाल पौड्याल | ९ |
| उपाध्यक्ष | चन्द्रमणी भट्टराई | ७ |
| सचिव | नविन लामिछाने | ७ |
| कोषाध्यक्ष | बालकृष्ण बस्नेत | ९ |
| सदस्य | जिवन कोइराला | ८ |
| सदस्य | यसोदा देवान | ७ |
| सदस्य | निर्लज्जा खड्गी | ८ |
| सदस्य | गंगा उप्रेती | ८ |
| सदस्य | सुमन दास | ४ |

### संस्थाको संस्थागत जनशक्ति विवरण

- शेयर सदस्यहरू ११११३ जना (महिला ७८७, पुरुष ६०५ र संस्थागत ४ वटा)
- बाल बचत सदस्य २५३ जना
- जेष्ठ नागरिक बचत सदस्य ३१ जना
- संचालक समिती ९ जना
- लेखा सुपरिवेक्षण समिती ३ जना
- धितोमुल्याङ्कन उप समिति ३ जना
- ऋण स्वकृती, लगानी तथा असुली उप समिति ३ जना
- शिक्षा उप समिति ३ जना
- महिला उद्यमशीलता विकास तथा महिला सशक्तिकरण उप समिति ३ जना
- ऋण अनुगमन उप समिति ३ जना
- कर्मचारी ४ जना
- प्रशिक्षार्थी कर्मचारी २ जना

## चुनौतीहरु

| साझा चुनौतिहरू | संस्थाका चुनौतिहरू |
|---|---|
| १. मौद्रिक नीति परिवर्तन भइरहनु । | १. भाखा नाघेको ऋण शुन्य हुन नसक्नु । |
| २. आर्थिक उत्तार चढावका कारण तरलता न्यून वा अधिक हुने अवस्था सिर्जना हुनु । | २. संस्थागत पूँजी कम हुनु । |
| ३. स्थानीय तह र सहकारी संस्थाबीच उपयुक्त समन्वय हुन नसक्नु । | ३. सदस्यता वृद्धिमा कोभिड-१९का कारण लक्ष्यभन्दा कम हुनु । |
| ४. सहकारी प्रति सरकारको नीति अस्थिर हुनु । | ४. सहकारी शिक्षा, पूर्व सहकारी शिक्षा शिविर तथा तालिम कार्यक्रमहरू पर्याप्त रुपमा कोभिड १९ का कारण सञ्चालन हुन नसक्नु । |
| ५. एउटै सदस्य समान प्रकृतिका अन्य सहकारीमा समेत सदस्य रहनु । | ५. बचतका उत्पादनहरू अपेक्षित मात्रामा परिचालित हुन नसक्नु । |
| ६. सहकारी ऐन र आयकर ऐनमा एकरुपता नहुनु । | ६. केहि सञ्चालक सदस्यहरू र उपसमिति सदस्यहरूले संस्थालाई पर्याप्त समय दिन नसक्नु । |
| ७. अन्य प्रचलित ऐन नियमले सहकारीलाई नचिन्नु । | ७. लक्ष्य अनुसार ऋण लगानी/ऋण माग कम हुनु । |

# प्रगति समीक्षा

## आदरणीय उपस्थित सेयर सदस्य महानुभावहरू,

बचत तथा ऋण सहकारी संस्थाको मुख्य व्यवसायनै बचत तथा ऋणको कारोवार भएपनि विविध सदस्य राहात तथा सामाजिक सेवाका कार्य लगायत व्यावसायिकता अभिवृद्धिलाई जोड दिई समय सापेक्ष सहकारी संचालन गर्न गत वर्ष संस्थाको चार वर्षे रणनीतिक योजना तयार गरी सोही अनुसार वार्षिक कार्यक्रम तयार गरिएकोमा कोभिड–१९ का कारण केही सूचकमा प्रगति हुन नसकेको व्यहोरा सम्मानित सभालाई जानकारी गराउदै गत आ.व.मा संस्थाले संचालन गरेका कार्य तथा उपलब्धि जानकारी गराउंदछु ।

## नियमित कार्यसम्पादन :

यस संस्थाको यस अवधिमा गत वर्षको साधारण सभाले निर्देशन गरेको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा ९ पटक सञ्चालक समितिको बैठक सम्पन्न भएको साथै सोही अवधिमा लेखा सुपरिवेक्षण समितिको ४ पटक,धितो मुल्यांकन उपसमिति-३ पटक,ऋण स्वीकृत,लगानि तथा असुलि उपसमितिको १९ पटक, अन्य उप-समितिहरूको २ पटक र कर्मचारीसँग ६ पटक बैठक सम्पन्न भएका छन् भने वाह्यि जिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरूले अवलोकन भ्रमणमा इलाम भित्र रहेका बचत तथा ऋणका सहकारी मध्ये यस सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.लाई विशेष प्राथमिकता दिई यस प्रकृतिका सहकारी संचालन तथा बृद्धि,विस्तार सम्बन्धमा भिन्न ३ वटा जिल्ला बाहिरका सहकारी संस्था लि.संग छलफल गरिएको थियो ।

## सदस्यता :

अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त एवं सहकारी ऐनको परिधिभित्र रहेर यस वर्षभरि नै सदस्यता खुल्ला राखिनुका साथै नयाँ कार्य क्षेत्र भित्र समुदारय स्तरमा सहकारी अभियानका कार्यशालाहरू संचालन गरिनुले फलस्वरुप आ.व.०७६।०७७ मा भन्दा २९९ जना सदस्यतामा वृद्धि भई आ.व. २०७७/०७८ को वर्षान्तसम्म जम्मा १३९६ र मिति २०७८ साल मंसिर मसान्तसम्म १४४८ जना कुल सदस्य संख्या पुगिसकेको छ ।

## बचत तथा ऋण परिचालन :

- संस्थाले सञ्चालन गर्ने सेवाहरूलाई विविधिकरण गर्दै लैजाने क्रममा बचतका सेवामा पनि विविधीकरण गर्दै लैजाँदा सदस्यज्यूहरूको सक्रिय सहभागितामा पनि वृद्धि हुन गई बचत सङ्कलनमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । फलस्वरुप यस समीक्षा अवधिमा बचत सङ्कलन गत वर्षको तुलनामा करिब ३१।९२% ले वृद्धि भई ७ करोड ७० लाख ८ हजार ९ सय ६६ रुपैयाँ पुगेको छ ।
- विगतका वर्षहरूमा आयमुलक र व्यवसायिक क्षेत्रमा बढी ऋण माग तथा लगानी हुँदै आएकोमा यस आ.व. २०७७/०७८ मा पनि यसै क्षेत्रमा माग भएअनुसारको ऋण लगानी गरिएको छ । ऋण लगानी गर्नुपूर्व उच्च सावधानी र सुरक्षणमा विशेष जोड दिइएको छ। यस अवधिमा कुल २३३ जना सदस्यहरूलाई रु ५ करोड ८१ लाख ६ हजार ७ सय ९ रुपयाँ ऋण लगानी गरिएको छ ।
- कारोबार सञ्चालनको क्रममा सम्भाव्य प्रयासहरू अवलम्बन गरिएको कारण आ.व. २०७७/०७८ तरलता अभावको समस्या अउनै पाएन ।

## सदस्य शिक्षा :

- सदस्यहरूलाई विभिन्न माध्यमबाट संस्थागत गतिविधहरूको जानकारी मार्फत सुसूचित गराउने प्रयासमा संस्थाको आधिकारीक फेसबुक पेज तय गरि उक्त पेजमा संस्थागत सूचनाहरू र क्रियाकलावहरू सदस्यसम्म पुऱ्याउने प्रयासलाई निरन्तरता दिइएको छ ।
- नयाँ सेयर सदस्यहरूलाई गत साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिएको वार्षिक नीति तथा

कार्यक्रम एवं संस्थागत गतिविधिका बारेमा जानकारी गराउने उद्देश्यले शिक्षा उप-समिति सहित केहि संचालक पदाधिकारी, सदस्य र कर्मचारीहरूको उपस्थितिमा कार्यक्षेत्र भित्रका विभिन्न ४ स्थानहरूमा एक एक दिन अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिएका छन् ।

- "बचत गर्ने बानी बसालौं" भन्ने मुल नाराका साथ शिक्षा उप-समिति सदस्य रेणुका फागो सहित अध्यक्ष, संचालक सदस्य र व्यवस्थापकको उपस्थितिमा गोदकको जौवारी क्षेत्रमा १ दिने सहकारी शिक्षा विषयक कार्यशाला गोष्ठि सम्पन्न गरिएको छ ।

## सदस्य स्वास्थ्य एवं सहभागिता :

- महिला सेयर सदस्यहरूलाई बढिमा दुई सन्तान जन्माउँदा सुत्केरी पोषण अन्तर्गत उपलब्ध गराउँदै आएको रु.१,८००/- (अक्षरेपी एक हजार आठसय रुपैयाँ मात्र ।) र नवजात शिसुको नाममा(बाल बचत) रु.२०० गरि कुल रु.२,०००/- (अक्षरेपी दुई हजार रुपैयाँ मात्र ।)को सहयोगलाई निरन्तरता दिइएको छ । यस वर्ष सुत्केरी पोषण अन्तर्गत संस्थाका १३ जना महिला सदस्यहरूले यो सुविधा लिनुभएको थियो भने गत वर्ष यो सुविधा लिने महिला सदस्याको संख्या ७ थियो । यस आ.व.मा यो सुविधा लिने महिला सदस्यहरूको नामावलीहरू :

| | | | |
|---|---|---|---|
| १. भीमा सापकोटा न्यौपाने | २. मीना कार्की | ३. निमाकुमारी श्रेष्ठ | ४. आसा बस्नेत |
| ५. जस्ता सिन्चुरी | ६. सरस्वती खड्का सुबेदी | ७. अन्जना थापा | ८. रजनी सुब्बा |
| ९. निर्मला बि. क. | १०. रन्जु अधिकारी | ११. स्वस्तीका श्रेष्ठ | १२. निशा चम्लागाइ |
| १३. शोभा अधिकारी | | | |

- गत आ.व.बाट सेयर सदस्य स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत यस संस्थामा आवद्ध सेयर सदस्यको हकमा एक परिवार भित्र नयाँ स्वास्थ्य बिमामा सामेल वा नविकरण शुल्क वापत स्वास्थ्य बिमा बोर्डले लिने रकम रु.३,५००/- मध्ये सेयर सदस्यलाई संस्थाले नगद रु.८७५/- भुक्तानी गरि सहयोग प्रदान गरिएको छ । यस आ.व.मा यो सुविधा ३४ जना सेयर सदस्यहरूले लिनु भएको छ । यो सेवा लिने सदस्यहरूको नामावलीहरू :

| | | | |
|---|---|---|---|
| १. प्रेम प्रधान | २. भुवन सुबेदी | ३. सुभद्र देवान | ४. रेखा लकाइ |
| ५. याम प्रसाद रन्जितकार | ६. डम्बरु बल्लभ शर्मा | ७. मनोज सुबेदी | ८. शंकर आचार्य |
| ९. सरला घिमिरे | १०. रुपक बास्कोटा | ११. मैया सिलवाल | १२. टिकादेबी भटराई |
| १३. नमीता मोत्तान | १४. गीता शिवा | १५. फुलकुमारी प्रधान | १६. यादब निरौला |
| १७. चम्पावती दहाल | १८. निश्चल भत्तराज | १९. मन्जु चापागाइ | २०. रीता थापा |
| २१. यज्ञ प्रसाद श्रेष्ठ | २२. धनमाया देवान | २३. शर्मीला श्रेष्ठ | २४. रामकृष्ण त्रिखत्री |
| २५. टिकाराम बराल | २६. हरि प्रसाद बराल | २७. सन्जु भटराई | २८. बिना राई |
| २९. शुसिला दहाल न्यौपाने | ३०. गोपाल पौडेल | ३१. कल्पना श्रेष्ठ | ३२. इश्वरकुमार सुबेदी |
| ३३. खड्ग कडेल | ३४. युबिसा श्रेष्ठ | | |

## सहकार्य, समन्वय र ऐक्यबद्धता :

यस संस्थाको कार्यक्रम र छविलाई प्रभावकारी र विस्तृत बनाउने उद्देश्यले राष्ट्रिय स्तरमा विभिन्न संघ संस्थाहरूसँग सम्पर्क, छलफल र समन्वय गरी सम्बन्ध विस्तार विगत वर्षहरूमा भन्दा थप गरिँदै लगिएको छ । जुन यस प्रकार रहेको छ :

- जिल्ला सहकारी संघ लि. इलाम
- जिल्ला बचत तथा ऋण सहकारी संघ लि. इलाम
- राष्ट्रिय सहकारी बैक लि.

- नेफ्स्कुन
- इलाम नगरपालिका सहकारी शाखा
- आन्तरिक राजश्व कार्यालय, करदाता सेवा कार्यालय इलाम
- प्रदेश नं. १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लि. झापा
- प्रदेश नं. १ बचत तथा ऋण सहकारी संघ लि.

## उद्यमशीलता विकास :

संस्थाले महिला सदस्यहरूलाई लघु तथा कुटिर उद्योगहरू संचालन गर्न सुलभ ब्याजदरमा समूह जामानी मार्फत प्रति व्यक्ति रु.३०,०००/- ऋण प्रवाह गर्ने गर्दछ । यस किसिमको ऋण उपभोगको लागि महिला उद्यमशीलता विकास तथा महिला सशक्तिकरण उप-समितिले सदस्यले लिएको तालिम तथा निजले व्यवसाय सञ्चालन गरीरहेको भए सोको मूल्यांकनसाथ सिफारिस गर्दछ । हाल सम्म यो क्षेत्रमा ५० माथि महिला उद्यमीहरूले व्यवसाय संचालन तथा वृद्धि विस्तार गर्न यो सुलभ ब्याजदरको ऋणको उपयोग गरिसक्नु भएकोछ ।

## संस्थालाई पुरस्कार, हौसला तथा सम्मान :

- सहकारी अभियानमा २०५२ साल देखि अगाडि बढ्ने क्रममा यस संस्थाले राष्ट्रिय सहकारी बैंक लि.को १७औं वार्षिक साधारण सभाबाट उत्कृष्ठ कारोबार गर्ने सहकारीको रुपमा सम्मान पत्र यस वर्ष प्राप्त गरेको छ ।
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.ले यस संस्थालाई छनौट गरि संघले आयोजना गरेको भर्चुअल (अभौतिक) विधिबाट व्यवसाय प्रवर्द्धन विषयक ५ दिने तालिममा समावेश गरि संस्थाको हौसला बढाउन सहयोग गरेको थियो र यस तालिममा संस्थाका अध्यक्षको सक्रिय सहभागिता रहेको थियो ।
- जिल्ला सहकारी संघ लि.इलामको समन्वयमा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र नयाँबानेश्वर काठमाण्डौंको आयोजनामा भर्चुअल (अभौतिक) विधिबाट नेतृत्व तथा संस्थागत विकास विषयक, १५ दिने तालिममा संस्थाका व्यवस्थापकलाई भाग लिने अवसर दिलाई प्रशिक्षण केन्द्रबाट पनि संस्थाको मानव संशाधन विकासमा सहयोग गर्नुभएको थियो ।

### नियमित सदस्य सेवा र व्यवस्थापन :

- सदस्यका सकारात्मक सुझाव एवं सल्लाहहरू संस्थाका लागि अमूल्य सम्पत्ति हुन् भन्ने संस्थागत बुझाईका साथ सल्लाह, सुझाव एवं गुनासोलाई प्रत्यक्षरुपमा छिटो-छरितो तवरले सम्बोधन गर्ने गरी संस्थामा सुझाव पुस्तिका तथा पेटिका राख्ने र त्यहाँ व्यक्त भएका भावनालाई सञ्चालक समितिको बैठकमा प्रवेश गराई तुरुन्त सम्बोधन गर्ने गरिएको । यसै गरी आधुनिक प्रविधिको प्रयोग र संस्थागत सूचना जानकारीमा समेत सदस्यको सहज पहुँचलाई मध्यनजर गर्दै सामाजिक सञ्जालको माध्यमबाट पनि सल्लाह, सुझाव लिने, संस्थागत सूचना जानकारी, गतिविधिहरू प्रकाशन गर्ने परिपाटीको विकास गरिएको छ । यसै सन्दर्भमा सुझाव पुस्तिका एवं गुनासाहरू व्यक्त गरी हामीलाई सचेत गराउनु भएकोमा संलग्न तपाई सम्पूर्ण सदस्य ज्युहरूलाई धन्यवाद दिन चाहन्छु र निरन्तर यस्तै रचनात्मक सहभागिताको अपेक्षा पनि गर्दछु ।
- सदस्यहरूलाई सर्वसुलभ एवं प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्य अनुसार संस्थाले विगत वर्षबाट नै संचालनमा ल्याइएको सफटवेयर प्रणालीमा प्रशिक्षार्थी कर्मचारीहरू समेतको सहयोगमा डाटाहरू अध्यावधिक गर्ने कार्य संस्थाका कर्मचारीहरूद्धारा सम्पन्न गरिएको छ र भविष्यमा एस.एम.एस. वेकिंङ्ग सेवालाई पनि विस्तार गरि अगाडि बढाईने योजना तय गरिएको छ ।
- वित्तीय कारोवारहरूको प्रभावकारी सुरक्षा गर्नु पर्ने आवश्यक्ता महशुस गरि संस्थाले भल्ट वक्स (ढुकुटी)को खरिद गरि सेफ संचालनको मापदण्ड तय गरि दैनिक रुपमा ढुकुटी प्रयोग तथा नगद स्थानान्तरणको रेकर्ड राख्ने

गरेको छ । साथै संस्थाले ढुकुटी, नगद र कर्मचारीहरूको क्षति सुरक्षा (दुर्घटना) विमा लुम्बिनी जनरल विमा कम्पनी सँग वार्षिक रु.९,१६६/- भुक्तान गर्ने गरि रु २८ लाखसम्मको विमा सुरक्षा गरेको छ ।

- सुरक्षा र दैनिक कार्य सम्पादनलाई थप दरिलो बनाउने सोच अनुरुप संस्थामा ४ थान सि.सि.क्यामेरा जडान गरि कार्य सम्पादनको मुल्याङ्कन गरिने कार्यलाई व्यवस्थित गरिएको छ ।
- संस्थाको नीति नियम, निर्देशिका बमोजिम संस्थाका उत्कृष्ठ शेयर खरिद कर्ता १ जना, उत्कृष्ठ मासिक बचत कर्ता १ जना, उत्कृष्ठ दैनिक बचत कर्ता १ जना, असल ऋणी सदस्य १ जना र नियमित बाल बचत गर्ने सदस्य १ जना पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- महिला उद्यमशीलताको लागि सहुलियत व्याज दर, वार्षिक १२ प्रतिशतमा जनही रु ३०,०००/- का दरले ऋण लगानी गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- संचालक समितिको वैठक नियमित मासिक रुपमा बसी आवश्यकता अनुसारका निर्णयहरू गरिएको छ ।
- सदस्यहरूको वृत्ति विकास, व्यवसाय, उद्यमशीलता विकासको लागि सदस्यहरू संगको छलफल, भेला एवं विशेषज्ञ परामर्श सेवा प्रवाह गर्दै लगिनेछ ।
- शेयर सदस्यहरूको माग र भावनाको कदर गर्दै कोभिड–१९ ले पारेको संक्रमण अवधिलाई नियमित किस्ता, व्याज र बचत बुझाउने सदस्यलाई सहुलियत स्वरुप बुझाउने म्यादथप गरिएकोछ ।
- साधारण सभामा उपस्थित सदस्यहरूलाई खाना तथा परिवहन भत्ता वापत रु ५००/- मा थप गरि रु. ५८९/- गरिएको र सोमा नियमानुसार कर कट्टी गरेर बाँकी हुन आउने रकम नगदै उपलब्ध गराइएको छ ।वाल सदस्यको हकमा खाजा तथा परिवहन खर्च पनि रु.३००/- मा थप गरि रु.३५०/- गरिएको र विगत वर्षमा जस्तै संस्थामा वाल सदस्यहरूको खातामा सोझै जम्मा गरिने ब्यवस्थालाई निरन्तरता दिइएको छ ।
- संस्थाको ऋण लगानीलाई सुरक्षित बनाउन अनियमित ऋणको हकमा किस्ता नियमितता एवं ऋण असुली कार्यलाई पहिलो प्राथमिकतामा राखि समिति उपसमितिका पदाधिकारी सहितको घर दैलो तथा नियमित टेलिफोन मार्फत ताकेता गरिएकोछ । साथै सोको अभिलेख ऋण फाईलमै राख्ने प्रणालीको शुरुवात गरीएको छ ।
- संस्थाका अग्रज जेष्ठ सदस्यहरूलाई वार्षिक साधारण सभाको अवसरमा सम्मान गर्दै आएको कार्यलाई निरन्तरता दिइएको छ । यस १९ औ वार्षिक साधारणसभामा रजत वर्षको समेत अवसर भएकोले संस्थाका सल्लाहकारहरू र संस्थापक सदस्यहरूलाई समेत सम्मान गरिने छ ।

## सामाजिक सुरक्षा :

- संस्थाका सेयर सदस्यको मृत्यु भएमा सम्बन्धित परिवारलाई सहयोग स्वरुप किरिया खर्च बापत उपलब्ध गराउँदै आएको राहत रकम रु.२०,०००/- (अक्षेरेपी रुपैयाँ बीस हजार मात्र ।) लाई निरन्तरता दिइएको छ । विगत वर्ष देखि यस आ.व.सम्ममा ६ जना सेयर सदस्यका परिवारलाई यो रकम सदस्यको मृत्यु भएको मितिले १३ दिन भित्र घरमा नै पुगी समवेदना पत्रसहित उक्त रकम प्रदान गरिनेमा यस आ.व.मा कुनै सदस्यलाई राहात दिनुपरेन ।
- संस्थाका सदस्यहरूमध्ये महिला सदस्यहरूलाई बचत कार्यक्रममा सक्रिय सहभागी गराउने एवं उहाँहरूको स्वास्थ्य स्थितिमा केहि हदसम्म भए पनि सुधार ल्याउने अवधारणालाई विकसित गराउने उद्देश्यले २ वटासम्म बच्चा पाउने महिला सदस्यलाई सुत्केरी खर्चवापत निश्चित रकम प्रोत्साहन स्वरुप प्रदान गरिने कार्यलाई निरन्तरता दिइएको छ ।
- संस्थाको सेयर सदस्यका एकाघरका पारिवारिक सदस्यहरूको मृत्युवरण भएमा पनि चालु आ.व.बाट लागुहुने

गरि रु.३,०००/- तिनहजार रुपयाँ र समवेदना घर दैलोमानै पुगि सदस्यता राहत कोषबाट वितरण गर्ने गरि कार्य विधि २०७८ तय गरि प्रदान गरिने व्यवस्था संचालक समितिले निर्णय गरेको जानकारी समेत गराउँदै अनुमोदनको लागि यस सम्मानित सभालाई जानकारी गराउँदछु ।

- संस्थाले गत आ.व.बाट नै संस्थाका सेयर सदस्यहरूले स्वाथ्य विमा गरि वार्षिक नविकरण गर्दै गएमा उक्त नविकरण रकम वापत लाग्ने रकम को २५ प्रतिशत वा रु.८७५/- नगदै ३४ जना सेयर सदस्यलाई उपलब्ध गराउँदै आएको सेवालाई निरन्तरता दिइएको छ ।
- प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने सेयर सदस्य सन्तनी (सामुदायिक र निजीमा विद्यालयबाट १ छात्र र १ छात्रा गरी जम्मा ४ जना) लाई सम्मान पत्र सहित पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- कोभिड–१९ को राहत कोषमा जिल्ला सहकारी संघ इलाम मार्फत इलाम अस्पतालमा सहयोगार्थ यस आ.व.मा पनि रु.१५,०००/- जम्मा गरिएको छ ।

## लगानी विस्तार र अवसर :

सदस्यहरूको आय वृद्धिका लागि विभिन्न किसिमका नयाँ-नयाँ लगानीका सम्भावना एवं शीपहरूको खोजी गर्ने क्रममा राष्ट्रिय स्तरसम्म यस वर्ष सम्पर्क र समन्वय विस्तार गरिएको छ । यस्तै गरेर कृषि क्षेत्रका सेयर सदस्यहरूलाई ध्यानमा राखि कृषि तथा पशुजन्य उत्पादनहरूको संकलन तथा बजारिकरणमा सहयोग पुऱ्याउने अवधारणा अनुसार प्रदेश नं. १ थोक उपभोक्ता विशिष्ठिकृत सहकारी संघ लि.सँग पनि संजालीकरण तथा उक्त संघको संस्थापक सेयर सदस्यको हैसियतमा यस सहकारी संस्था लि.लाई समेत समावेश गरिएको छ । संस्थाले भविष्यमा यस जिल्ला भित्रका कृषि तथा पशुजन्य उत्पादनहरूको संकलन केन्द्र स्थापना गरि विशिष्ठिकृत सहकारी संघ मार्फत उत्पादन प्रवर्द्धन, बजारिकरण लगायत मूल्य श्रृङ्खलामा समेत जोड दिने लक्ष्य राखेको छ । उत्पादनको केन्द्र इलामलाई सहकारी साझेदारी मार्फत बजारीकरणमा जोड्नका लागि **सुनगाभा सहकारी**ले सेतुको रुपमा समग्र इलामेली सहकारी अभियानकै नेतृत्व गरीरहेको छ ।

## आन्तरिक नियन्त्रण प्रणाली :

- संस्थाको मौजुदा व्यवस्थापकीय संरचनालाई बदलिंदो परिवेश अनुसार संस्थामा बचत विभाग, ऋण विभाग, वित्त तथा प्रशासन विभाग र बजार तथा प्रवर्धन विभाग गरी ४ वटा छुटै क्षेत्र तय गरि कार्य सम्पादन गरिने प्रयासलाई थप मजबुद बनाउँदै संस्थाका क्षेत्रगत उप-समितिहरूको सहकार्यको माध्यमबाट संस्थाको नीतिगत प्रावधान अनुसार आवश्यक जनशक्तिहरूको व्यवस्था समेत गरिंदै लगिने छ ।
- संस्थाको मौजुदा संचालक समिति, लेखासुपरिवेक्षण समिति, विभिन्न उप-समितिहरू र कर्मचारीहरूलाई सहकारी अभियान तथा आन्तरिक नियन्त्रणमा थप चलयमान र सशक्त गराउने उद्देश्य अनुसार यस आ.व.मा केहि व्यक्तिहरूलाई राज्यको सहकारी क्षेत्रका नियामक निकायहरूसँग समन्वय गरि आवश्यक्ता अनुसारको तालिमहरूको व्यवस्था गरिएको र आगामी दिनहरूमा पनि यस कार्यलाई निरन्तरता दिइने छ ।

## नियमित बचत, ऋण अनुगमन तथा असुली :

- संस्थामा सदस्यता तथा कारोबार वृद्धि हुँदै जाँदा नियमित बचत गर्ने र नियमित ऋण असुली एवं सही सदुपयोग गर्ने सदस्यहरूको संख्यामा थप वृद्धि भएको छ । ऋण दुरुपयोगलाई निरुत्साहित गर्दै दण्डित गर्ने, तथा ऋण सदुपयोगिता मार्फत व्यवसाय विस्तारका आधारमा पुरस्कृत गरी हौसला दिने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । ऋण लगानीमा साक्षी, धितो जमानत, सदस्य जमानत एवम् संस्थाका अन्य क्रियाकलापमा बचत नियमिततालाई कडाइका साथ पालना गराउने प्रक्रियालाई प्रमुख आधार मानिएकोले पछिल्लो समयमा नियमित बचत गर्ने तथा ऋण नियमित बुझाउने परिपाटीमा थप सुधार आएको छ ।
- विगत वर्षमा जस्तै नियमित बचत तथा ऋण परिचालनलाई प्रभावकारी बनाउने उदेश्य अनुसार संस्थाको वित्तीय

व्यवसायको प्रवर्द्धन तथा गुणात्मक सेयर सदस्य समेत विस्तार गर्ने उदेश्यले कुनै एक सदस्यले थप १० नयाँ सदस्य बनाएमा उक्त महिनाको उत्कृष्ट सेयर सदस्य **(Member of the Month)** को रुपमा सम्मानित गरी संस्थाको सूचनापाटी र सामाजिक सञ्जाल (फेसबुक पेज)मा समेत राखिने क्रमलाई निरन्तरता दिइएको छ ।

- संस्थामा प्रत्येक दिन नियमित बचत तथा ऋण परिचालनलाई प्रभावकारी बनाउने उदेश्य अनुसार संस्थाबाट पहिलो सेवा लिने सेयर सदस्यलाई स-सम्मान संस्थाको लोगो सहितको किरिङ्ग दिएर त्यस दिनको उत्कृष्ट सेयर सदस्य **(Member of the Day)** को रुपमा घोषणा गरी संस्थाको फेसबुक पेजमा राख्ने क्रमलाई निरन्तरता दिइएको छ ।

## विप्रेषण सेवा (मनी ट्रान्सफर) :

रोजगारीको सिलसिलामा देशबाहिर रहनुभएका सदस्यले पठाउनु भएको रकमलाई संस्थामार्फत आफन्त, घरपरिवारको घर-दैलोमानै प्राप्त गर्ने व्यवस्था मिलाउन **Money Transfer** का विभिन्न निकायहरूसँग आवश्यक समन्वय गरी सेवालाई थप विस्तार गरिएको छ भने देश भित्र पनि रकम पठाउने तथा पाउने व्यवस्थालाई व्यापक र व्यवस्थित गर्दै सेवाको प्रभाव क्षेत्र बढाइएको छ । हाल यस प्रकारका ४ वटा विभिन्न **Money Transfer** निकायमार्फत सेवा दिइदै आएको छ ।

## पूँजी वृद्धि :

सहकारी संस्थाको मेरुदण्ड भनेको त्यस संस्थाको पूँजी संरचना हो । सानो रकमबाट सहकारी अभियान सुरु गरिएको हाम्रो संस्थाको विगतको इतिहास रहेको छ । तर कारोबार सञ्चालनमा हुँदै गएको वृद्धिले पूँजीकोष वृद्धिमा पनि अहम् भुमिका राख्दछ । यसै परिप्रेक्ष्यलाई मध्यनजर गर्दै गत वर्ष सेयर पूँजी वृद्धिका लागि प्रस्तावित गरिएको लक्ष्य यस साधारण सभासम्म आइपुग्दा करिब पूरा भएको छ । यद्यपि संस्थाले अवलम्बन गर्दै आएको पर्ल्स **(PEARLS)** अनुगमन प्रणालीको न्यूनतम् मापदण्डअनुसार संस्थाको कूल पूँजी वृद्धिको अनुपात अनुसार सेयर पूँजी वृद्धिको अनुपात पनि मिलेर अगाडि जानुपर्नेमा हामी धेरै सेयर सदस्यहरूको दशअंश सेयर हुनै पर्ने नीतिगत व्यवस्था अनुसार बचतको दशअंश सेयर नहुने सेयर सदस्यहरूलाई आजको सम्मानित सभामार्फत नीतिगत व्यवस्थाअनुसार अगाडि बढि संस्थाको मेरुदण्डको रुपमा रहेको चुक्ता सेयर पुँजी वृद्धिमा सहयोग पुऱ्याउनुहुन हामी हार्दिक अपिल गर्दछौं ।

## आधारभुत भुक्तानी सेवा :

टेलिफोन, विद्युत, इन्टरनेट, डि.टि.एच. लगायतका विभिन्न उपयोगिता भुक्तानी (**Utility Payaments**) को आधुनिक प्रविधि प्रयोग गरी सर्वसुलभ तरिकाले संस्था भित्रै सेवा दिने उद्देश्यले सबै प्रकारका बिल भुक्तानी सेवाहरू संस्थामा उपलब्ध गराउनका लागि सरोकारवाला भुक्तानी सेवा प्रदायक निकायसँग अनौपचारिक छलफल भैरहेको पनि जानकारी गराउँदछौं ।

## सदस्य सर्वेक्षण :

संस्थाले सञ्चालनमा ल्याएका सेवाहरूको गुणस्तर, सदस्य सन्तुष्टि एवं प्रभावकारिता तथा आगामी दिनमा संस्थाले सञ्चालनमा ल्याउने कार्यक्रम तथा सेवाहरूलाई पूर्ण रुपमा सदस्यले स्वामित्व ग्रहण गर्न सकुन् भन्ने उद्देश्यले गत आ.व.मा संस्थामा आवद्ध भएका कुल सदस्य संख्याको करिव ५% सदस्यहरूमा रेन्डम सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको क्रममा सदस्यहरूबाट प्राप्त भएका सुझावलाई नीतिगत तह र व्यवस्थापन तहसँग समन्वय गरी सम्बोधन गरिएको छ । साथै उक्त सर्वेक्षणले संस्थाको प्रस्तुत नीति तथा कार्यक्रम निमार्णमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

## जनशक्ति/प्रविधि विकास र व्यवस्थापन :

वित्तीय बजार त्यसमा पनि सहकारी क्षेत्रमा अहिलेको समयमा पनि दक्ष जनशक्तिको अभाव कायमै छ । विभिन्न

बैंक, विमा र लघुवित्त वित्तीय संस्थाहरूको शाखाहरू सहकारीको कार्यक्षेत्रमा समेत पुगिसकेकोले वित्तीय बजारमा कुशल व्यवस्थापन गर्नसक्ने प्रतिस्पर्धी जनशक्तिको माग अधिक रहेको छ । जसका कारणले दक्ष जनशक्तिको अभाव विद्यमान रहेको हो । जनशक्तिको उचित र भरपर्दो व्यवस्थापनविना अपेक्षित उपलब्धि हासिल गर्न नसकिने प्रष्टै छ । त्यसैले हामीले आवश्यक जनशक्ति आफै तयार गरी दक्ष बनाउँदै जाने नीति लिई प्रशिक्षार्थी कर्मचारीहरू परिचालन, आवश्यक्ता अनुसार नयाँ कर्मचारीहरू नियुक्त गर्ने र उनीहरूको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठि तथा सेमिनारमा सहभागी गराउँदै आएका छौं । हाल कार्यालय व्यवस्थापनका लागि व्यवस्थापकको नेतृत्वमा जम्मा ४ जना पूर्णकालीन जनशक्ति कार्यरत छन् र गत आ.व.देखि प्रशिक्षार्थी कर्मचारीहरूको परिचालन एवं कर्मचारीहरूको अतिरिक्त प्रयास समेतका आधारमा संस्थामा प्रविधिमैत्री वातावरण बनाउन सदस्यहरूको विवरण, तथ्याङ्क संकलन, प्रविष्टि, अभिलेख व्यवस्थापन आदि कार्यसम्पादनमा महत्वपूर्ण सहयोग पुगेको छ ।

## संस्थागत सुशासन :

संस्थाले स्थानिय इलाम नगरपालिकाको सहकारी ऐन, संघीय सहकारी ऐन, नियमावली तथा सहकारी विभाग, नेपाल राष्ट्र बैंकको संस्थागत सुशासन सम्बन्धी व्यवस्थाको भावना र मर्मबमोजिम विद्यमान नीति निर्देशनको पालना गर्दै आएको छ । संस्थाको विनियम सहकारी ऐन २०४८ अनुसार तय भएकोमा गत वर्षको १८औं वार्षिक साधारण सभा तथा अधिवेशनले विनियम पुर्नलेखन गरि स्वीकृति पश्चात लागु गर्ने भनि गरिएको निर्णय अनुरुप विद्यमान सहकारी ऐन र नियमावली अनुसार विनियम पुनर्लेखन गरि स्थानिय पालिका मार्फत संस्थाको पुनर्लिखित विनियम-२०७७ स्वीकृत भई हाल कार्यन्वयनमा रहेको जानकारी समेत यस सम्मानित सभामा गराउँदछु ।

संस्थाले आन्तरिक तथा बाह्य लेखा परीक्षक तथा नियमनकारी निकायहरूले औंल्याएका कैफियत एवं सुझावहरूमा गम्भीरतापूर्वक छलफल गर्ने र सुधारका लागि नीतिगत स्पष्टता एवं व्यवस्थापनलाई निर्देशन दिने कार्यमा प्रभावकारी भूमिका खेल्दै आइरहेको छ । ऐन, नियम एवं निर्देशनअनुसार विभिन्न नियमनकारी निकायहरूमा पठाउनु पर्ने प्रतिवेदन, सूचना, जानकारीहरू यथासमयमा पठाउने गरेका छौं । गत वार्षिक साधारण सभापश्चात यस वार्षिक साधारण सभासम्म आइपुग्दा सञ्चालक समितिले महत्वपूर्ण ५ विषयमा निर्णय गरी कार्यान्वियन गरेकोमा उक्त सम्पूर्ण निर्णयहरू एवं अन्य उपसमितिहरूका निर्णयहरू समेत एकमुष्ठ अनुमोदनका लागि यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु ।

## संस्था सञ्चालनको संरचना :




संस्थालाई अझ बढी व्यवस्थित गर्न संस्थामा हालसम्म निम्न विनियम, नीति, निर्देशिका र कार्यविधिहरू रहेका छन् ।

- संस्थाको विनियम २०५२ (पुनर्लिखित विनियम, २०७७ ले प्रतिस्थापित गरेको)
- पुनर्लिखित विनियम२०७७
- मानव संशाधन तथा आर्थिक प्रशासन निर्देशिका २०७१
- दैनिक कार्य संचालन निर्देशिका २०६१
- निर्वाचन नीति २०७६
- रणनीतिक योजना (४ बर्षे) २०७६
- सम्पत्ति सुद्धिकरण निवारण कानुन पालना सम्बन्धि कार्यविधि २०७७

- उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका २०७०
- महामारीको समयमा सहकारी सेवा व्यवस्थापन निर्देशिका २०७७
- सदस्य र सदस्यको एकाघरका परिवारहरूलाई सहयोग,पुरस्कार-सम्मान तथा रहात कार्यविधि २०७८

# आर्थिक वर्ष २०७८/०७९ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम

## आदरणीय उपस्थित सेयर सदस्य महानुभावहरू,

यस सुनगाभा सहकारीको मूल नारा नै **"नियमित बचत गर्ने बानी बसालौ"** भन्ने भएकोले यस संस्थाको चुनौतीलाई मध्यनजर राख्दै यस संस्थाको अवसर तथा सेवा सुविधालाई भरपुर उपभोग गरि संस्था जीवन्त राख्न विविध किसिमका बचत योजनालाई नै पहिलो प्राथमिकतामा राखि सबै सेयर सदस्यहरूको दैनिक गुजारामा सहजता बनाउन व्यवसाय तर्फ उन्मुख गराइ आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा अगाडी बढाउने उद्देश्य राखी आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

(१) संस्थाको विनियम २०५२ को पुनर्लिखित विनियम, २०७७ मा व्यवस्था भए अनुसारको नीति अवलम्बन गरि बजार अनुकूल बचतमा उच्चतम व्याजदर र सुपथ व्याजदरमा ऋण लगानी गर्ने गरिएको छ ।

(२) संस्थाले शेयर सदस्यको हित र सहकारी नीति नियम अनुसार बचत र लगानीको व्याज दरमा अधिकतम ५ प्रतिशतको फरकमा ऋण लगानी गर्ने नीति अवलम्वन गरेअनुसार आ.व. २०७६/०७७ मा १५ प्रतिशत मा लगानी गरिएकोमा आ.व.०७७/०७८ देखि वार्षिक अधिकतम १४ प्रतिशत र महिला उद्यमशिलता कार्यक्रममा सहभागी महिला शेयर सदस्यहरूलाई १२ प्रतिशत व्याजदरमा ऋण लगानी गर्ने व्यवस्थालाई चालु वर्षमा पनि यथावत राखिएकोछ ।

(३) साधारण सभामा उपस्थित सदस्यहरूलाई साधारण सभा खर्च (परिवहन र खाना) बापत यस आ.व.मा रु.५८९/- मा नियमानुसार लाग्ने करकट्टी गरी नगद भुक्तानी गरिनेछ भने नियमित बालबचत गर्ने बाल बचत सदस्यलाई रु.३५०/- नानीहरूकै बचत खातामा जम्मा गरिने व्यवस्थालाई यथावत राखिएको छ ।

(४) संस्थाका सेयर सदस्यहरूको मृत्यु भएमा काजक्रिया/अन्तिम संस्कार बापत एकमुष्ठ रु.२०,०००/-सदस्यको परिवारलाई उपलब्ध गराइने र सोकालागि वार्षिक रुपमा सेयर सदस्यहरूवाट रु. रु १००/- संकलन गरिने व्यवस्था रहेकोमा सदस्यहरूलाई थप सेवा,सुविधामा बृद्धि गरिएकोले सदस्य राहात कोषको ब्यवस्थापनमा समेत थप गरिएको छ । थप भएका सेवाहरूमा, सेयर सदस्यको एकाघरका सदस्यहरूको मृत्यु भएमा पनि रु.३०००।- सहित संस्थावाट समवेदना दिने,सेयर सदस्यलाई महामारी र प्राकृतिक विपत्ति आई परेमा समेत संस्थाको स्थलगत प्रतिवेदन अनुसार **पुरस्कार,सम्मान तथा राहात कार्यविधि-२०७८** अनुसार सहयोग गर्ने र सो कोष ब्यवस्थापनका लागि प्रत्येक सेयर सदस्यहरूबाट वार्षिक रु १००/- सदस्य राहत कोषमा जम्मा गर्ने व्यवस्थालाई बृद्धि गरि वार्षिक रु.२००/- जम्मा गर्ने संचालक समितिको निर्णय अनुसार यस बर्षबाट निरन्तरता दिइएको छ ।

(५) संस्थाको स्थायी सम्पत्ती घर जग्गा खरिद र ऋण जोखिमलाई न्यूनीकरण गर्न घर जग्गा खरिद कोष तथा ऋण जोखिम कोषलाई मजबुद गर्दै लगिनेछ ।

(६) ऋण लगानी तथा असुली प्रकृयालाई चुस्त दुरुस्त राख्न निर्देशिकामा व्यवस्था भए अनुसार कडाइका साथ पालना गरि ऋण लगानी सुरक्षित र भरपर्दो बनाई असुलीको लागि कडाइका साथ नियमित रुपमा समिति उपसमितिका पदाधिकारी सहितको घर दैलो कार्यक्रम सञ्चालन गरिनेछ ।

(७) सेयर सदस्यहरूको क्षमता अभिवृद्धि गर्न शेयर सदस्यहरूको माग बमोजिमका लघुउद्यमशीलता, सहकारी

शिक्षा लगायतको तालिम संचालन गरिनेछ ।

(८) संस्थामा संचालक तथा कर्मचारीहरूलाई समय सापेक्ष तालिम, शीप र क्षमता वृद्धिमा जोड दिइनेछ । साथै कर्मचारीहरूको कार्यसम्पादन मुल्याङ्कन गरी पुरस्कार र दण्ड व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ । हरेक महिना उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई सञ्चालक समितिको बैठकमा नगद एक हजार रुपैयाँ सहित सम्मान गरि महिनाको उत्कृष्ट कर्मचारीको रुपमा संस्थाको सूचना पाटी र सामाजिक सञ्जालमा समेत राखिनेछ जस्को खर्च संस्था विकास कोषवाट गरिने छ ।

(९) संस्था र सेयर सदस्यहरू बिच सुमधुर सम्बन्ध कायम राख्न र आफ्नो अनुभव आदानप्रदान गर्न ऋणी सदस्यहरूसँग व्यवसाय प्रबर्द्धनका लागि विषय विज्ञको सहजीकरण सहित अर्न्तक्रिया कार्यक्रम, वित्तीय साक्षरता तालिम तथा सहकारी शिक्षा संचालन गरिनेछ ।

(१०) संस्थामा शेयर सदस्य वृद्धि गरिदै लैजाने नीतिलाई कायम नै राखि प्रत्येक शुक्रवार टोलमा जाने र बढी सेयर सदस्य बनाउने सदस्यलाई मासिक रुपमा महिनाको उत्कृष्ट सदस्य (**Member of the Month**) बाट सम्मानित गरिनेछ ।

(११) दैनिक संस्थामा पहिलो सेवा लिन आउने सेयर सदस्यलाई आजको उत्कृष्ट सदस्य (**Member of the Day**) बाट सम्मानित गरिने ब्यवस्थालाई निरन्तरता दिईएको छ ।

(१२) सेयर सदस्यहरूलाई ऋण माग फाराम दर्ता भएको प्राथमिकताका आधारमा ऋण लगानी गरि समयमा ऋणको किस्ता र व्याज वुझाउने ऋणी सदस्यलाई पाकेको व्याजको ७ प्रतिशत छुट दिने व्यवस्थालाई यथावत राखिने छ ।

(१३) बचत जमानी तथा धितो जमानीमा ऋण लगानी गर्ने नीतिलाई यथावत राखी धितो जमानीमा अधिकतम पन्ध्र लाख सम्म (तीन वर्ष सम्मका लागि) दिइने व्यवस्थामा वृद्धि गरि अधिकतम तीस लास (पाँच वर्ष) सम्मका लागि ऋण लगानी गर्दै लगिने छ ।

(१४) संस्थामा गठित ऋण स्वीकृत, लगानी तथा असुली र धितो मूल्याङ्कन उपसमितिका संयोजक तथा सदस्यहरूले बैठक बसी ऋण लगानीको सिफारिस गरेपछि मात्र ऋण लगानी गरिने भएको हुंदा उक्त समितिले धितो मूल्याङ्कन उप-समितिलाई मूल्याङ्कन गरेबापतको प्रति धितो, प्रति सदस्य रु.५००/- खाजा तथा इन्धन खर्च बापत उपलब्ध गराइने छ भने ऋण स्वीकृत, लगानी तथा असुली उप-समितिको वार्षिक हिसाबमा बढिमा १२ वटा बैठकको मात्र खाजा तथा यातायात खर्च बापत प्रति सदस्य रु.३००/- का दरले उपलब्ध गराइनेछ । यस्तै गरेर ऋण अनुगमन उप-समितिका सदस्यहरूलाई ऋण अनुगमन गरेको प्रतिवेदनको आधारमा प्रत्येक पटकको प्रति व्यक्ति रु.३००/-ले खाजा तथा इन्धन खर्च वापत भुक्तानी दिने व्यवस्था गरिएको छ ।

(१५) नियमानुसारको दशांस सेयर अनिवार्य जम्मा गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

(१६) संस्थाका उत्कृष्ठ सेयर खरिद कर्ता १ जना, उत्कृष्ठ मासिक बचत कर्ता १ जना, उत्कृष्ठ दैनिक बचत कर्ता १ जना, असल ऋणी सदस्य १ जना र नियमित बाल बचत गर्ने सदस्य १ जना पुरस्कृत गर्ने कार्यलाई राहात तथा सहयोग कार्यविधि २०७८ समेत तय गरि निरन्तरता दिइदै यस आ.व.मा सल्लाहकारहरू र संस्थापक सेयर सदस्यहरूलाई पनि सम्मान गरिने छ ।

(१७) वार्षिक साधारण सभामा, संस्थाका सेयर सदस्यका सामुदायिक तथा निजी विद्यालयबाट **SEE** परिक्षामा सर्वोत्कृट अंक ल्याउने १/१ जना छात्रा/छात्र गरि ४ जनालाई जनही रु.५०००/- का दरले नगद सहित प्रशंसा पत्रले सम्मान गरिने कार्यलाई निरन्तरता दिइएको छ ।

(१८) संस्थाका महिला सेयर सदस्य सुत्केरी भएमा बढीमा २ बच्चा सम्मलाई नवजात शिशुको पोषणको लागि एकमुष्ठ रु.१८००/-उपलब्ध गराइ नवजात शिशुको नाममा रु.२००/- बाल बचत खाता खोलि दिने

नीतिलाई निरन्तरता दिदैं यथावत राखिएकोछ र सोको खर्च समेत सदस्यता राहात कोषमा कायम गरिने छ । यसै गरि यसवर्षदेखि पुरुष सदस्यको वैवाहिक कार्यक्रममा उपस्थित भई नयाँ दुलहीका लागि निशुल्क मासिक बचत खाता खोली संस्थाको तर्फबाट १ थान शेयर सहित १ महिनाको अनिवार्य मासिक बचत रु ५००/- जम्मा गराउने कार्यक्रम प्रस्तावको रुपमा यस सभामा राख्न चाहन्छु ।

(१९) घर जग्गा खरिद कोष व्यवस्थापनको लागि सेयर सदस्यता स्वीकृत भएको वखत रु ५००/- लिई घर जग्गा कोषमा जम्मा गरिने व्यवस्थालाई यथावत गरिएको छ ।

(२०) समय सापेक्ष सहकारी श्रेस्ता प्रणालीलाई व्यवस्थित गर्न सहकारीको कारोवार सफ्टवेयरको माध्यमबाट थप व्यवस्थित गर्दै लगिनेछ ।

(२१) संचित विदा तथा सार्वजनिक विदामा काम गर्नु परेमा कर्मचारीहरूलाई परिचालन गरिने र सोको अभिलेखिकरण गरि संस्थाको मानव संशाधन तथा आर्थिक प्रशासन निर्देशिका-२०७१ अनुरुप उपर्युक्त कार्यहरूको भुक्तानि गरिने छ र सोका निमित्त कर्मचारी हितकोषलाई थप वृद्धि गर्दै लगिने छ ।

(२२) अध्ययन अवलोकन भ्रमण आवश्यकता अनुसार गरिने छ ।

(२३) संचालक समितिको सेवा सुविधा विगतको निर्णय अनुसार कार्यान्वयन गरिनेछ । समितिका सदस्यहरूको भौतिक उपस्थिति, व्यवस्थापनमा सहयोग, परिणाममूखी कार्य र नीतिगत योगदानका आधारमा थप सुविधा समेत गराइने ब्यवस्थालाई निरन्तरता दिइएको छ ।

(२४) परिवर्तित सन्दर्भमा नेपाल चार्टर्ड एकाउन्टेन्स् संस्थाले निर्धारण गरेका लेखामान र सहकारीको चार्ट अफ एकाउन्ट्सका साथै सहकारी विभागले जारी गरेको सहकारी संस्था लेखापरीक्षण दिग्दर्शनले तोकेका मापदण्डका आधारमा चालु आ.व.२०७८/७९ को लेखा परिक्षण श्री केरुङ्ग एण्ड एसोसिएट्स, वंशल एण्ड एसोसिएट्स र ताम्राकार एण्ड एसोसिएट्स मध्येबाट १ जनालाई नियुक्ति गर्ने र निजको पारिश्रमिक बापत अधिकतम कर सहित रु.३५,०००/- उपलब्ध गराउने गरी यस सभामा प्रस्ताव गरिएको छ ।

(२५) संस्थाको कार्यक्षेत्र विस्तार र आवश्यकता अनुसार सेवाकेन्द्र स्थापना गर्दै लगिनेछ ।

(२६) संस्थामा कार्यरत कर्मचारीहरूले संस्थामा ऋण माग गरेमा स्थायी कर्मचारीको हकमा बढीमा पाँच लाख सम्मको ऋण धितो जमानी, बचत जमानी वा सदस्य जमानीमा १०% व्याजदर वा पूँजीको औसत मूल्यमध्ये जुन कम हुन्छ त्यहि दरमा ऋण प्रवाह गरिने छ । यसरी प्रवाह गरेको ऋणको अवधि कर्मचारीको सेवाअवधिभन्दा बढि वा रकम ५ वर्षको आधारभूत तलबभन्दा बढि हुनेछैन ।

(२७) संस्थाको नीति, नियम, निर्देशिका, विनियम र सहकारी ऐनमा व्यवस्था भएअनुसार नियमित रुपमा ३ महिना सम्म बचत, ऋण लगानीको व्याज, किस्ता नबुझाउने सेयर सदस्यहरूको हकमा व्याज र लाभाशं बाहेकका अन्य सेवा सुविधा उपलव्ध गराउन संस्था बाध्य हुने छैन ।

(२८) नेपाल सरकारद्वारा संचालित स्वास्थ्य बिमा सेवामा आवद्ध भै नियमित रुपमा नविकरण गर्ने सेयर सदस्यहरूलाई बिमा गरेको र नविकरण गरेबापत तिरेको रकमको २५ प्रतिशत रकम वा बढीमा रु.८७५/- (प्रति एक घर बराबर) पेश भएका कागजातका आधारमा संस्थाले नगदै उपलव्ध गराइने व्यवस्थालाई निरन्तरता दिइएको छ र यसको खर्च समेत सदस्यता रहात कोषवाट गरिने छ ।

(३०) संस्थाले संस्थाको सफट्वेयरमा तथ्याङ्क अद्यावधिक गर्न, कोपोमिसमा सदस्यको विवरण एवं कारोबार अद्यावधिक गर्न, सदस्यता सन्तुष्टि सर्भेक्षण गर्न, संस्थाका प्रतिवेदनहरूको मस्यौदा तयार गर्न, संस्थाको तालिम गोष्ठि आदिमा सहयोग गर्न बढिमा २ जना प्रशिक्षार्थी कर्मचारीहरूको परिचालन गर्ने छ, जसको अवधि बढिमा ६ महिनाको र कम्तिमा ३ महिनाको हुनेछ । निजहरूलाई खाजा खर्च बापत दैनिक रु.२००/- मासिक हिसाबमा भुक्तान गरिनेछ । साथै सेवा अवधि पश्चात अनुभवको प्रमाण पत्र समेत उपलब्ध गराईने छ ।

(३१) संस्थाले सदस्यमा र पूँजीमा भएको वृद्धिलाई मध्यनजर गरि व्यवस्थित कार्यसम्पादन गर्नका निमित्त आवश्यक देखिएको दक्ष जनशक्ति (लेखा तथा ऋण अधिकृत र बजार प्रतिनिधि) २ जना संस्थाको मानव संशाधन तथा आर्थिक प्रशासन नीतिअनुरुप विज्ञापनको माध्यमबाट व्यवस्थापन गर्दे लगिनेछ ।

(३२) संस्था स्थापना भएको २५औं वर्ष (रजत वर्ष)को अवसरमा संस्थाले चालु आ.व. भित्र रक्तदान कार्यक्रम, स्कुल बाल बचत कार्यक्रम जस्ता विभिन्न सामाजिक तथा अतिरिक्त कार्यक्रमहरू संचलन गर्नेछ ।

(३३) संस्थाले आवश्यक्ता महशुस गरेमा संस्थालाई आवश्यक कम्प्युटर, फर्निचर, औजार लगायतका समानहरू खरिद गर्दै जानेछ ।

(३४) संस्थाले सदस्य, सदस्यको एकाघरका परिवार र कर्मचारी वा अन्य व्यक्तिहरूलाई सहयोग, पुरस्कार, सम्मान तथा राहत उपलब्ध गराउनु परेमा संस्थाको सम्मान तथा राहत कार्यविधि - २०७८ मा व्यवस्था गरेअनुरुप कार्यान्वयन गरिनेछ ।

(३५) सहकारी ऐन २०७४ को दफा ८७ मा व्यवस्था भए अनुसार कुनै पनि सहकारीहरूले यस सहकारीसँग एकीकरणको प्रस्ताव राखेमा एकीकरणका लागि खुल्ला गरिएकोछ ।

(३६) सुरक्षाको दृष्टिकोणले ढुकुटी (भल्ट) तथा नगद स्थानान्तरण (ट्रान्जिट) (कार्यलय देखि बैंक र बैंक देखि कार्यालयसम्म) र सम्लग्न कर्मचारीहरूको आकस्मिक दुर्घटना बिमा (निर्जिवन बिमा) वार्षिक रुपमा गरिदै लगिनेछ । कार्यालयको काममा स्थलगत रुपमा खटिने समिति,लेखासुपरिवेक्षण समिति, उपसमितिका पदाधिकारी सदस्यहरूको समेत आवश्यकता र औचित्यतताका आधारमा आकस्मिक दुर्घटना बिमा (निर्जिवन बिमा) गरिनेछ ।

(३७)वृत्ति विकास, क्षमता अभिवृद्धि आदि जस्ता तालिम कार्यक्रमहरूमा आवश्यक्ता अनुसार लागत सहभागिता वा राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकारी क्षेत्रका छाता संगठनहरू वा वित्तीय संस्थाहरूले आव्हान गरेमा वा नियामक निकायसँगको समन्वयमा भएका तालिम, गोष्ठि, सेमिनार आदिमा संस्थाका कर्मचारी, उप-समितहरू, लेखा सुपरिवेक्षण समिति र संचालक समिति भित्रबाट संस्थागत आवश्यक्ता र औचित्यतताका आधारमा सहभागिता जनाउने क्रमलाई निरन्तरता दिइने छ ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई मध्यनजर गर्दै चारवर्षे रणनीति अनुसारको आगामी वर्षको वार्षिक कार्ययोजना निम्न अनुसार प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

### संस्थाको आ.व.२०७८/०७९ वार्षिक कार्ययोजना

| सि.नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | सदस्यता वृद्धि | वर्ष भरि निरन्तर | ३३० जना | संस्थाको कार्यालय र कार्यक्षेत्र । | संचालक समिति र कर्मचारीहरू,सेयर सदस्य |
| २ | घरदैलो कार्यक्रम | आवश्यकता अनुसार | १० | सम्बन्धित ऋणी सदस्यको घरमा | संचालक समिति,उप-समिति र कर्मचारीहरू |
| ३ | संचालक समितिको बैठक | मासिक | १ | संस्थाको कार्यालय | संचालक समिती र व्यवस्थापक |
| ४ | धितो मुल्याङ्कन तथा ऋण समितीको बैठक | आवश्यकता अनुसार | माग भए अनुसार | संस्थाको कार्यालय | उप समितिका सदस्यहरू |
| ५ | लेखा सुपरिवेक्षण समितिको बैठक | त्रैमासिक | ४ | संस्थाको कार्यालय | लेखा सुपरिवेक्षण समिति,व्यवस्थापक |
| ६ | सेयर सदस्यहरूको भेला तथा छलफल | उपर्युक्त समयमा आवश्यकता अनुसार | ५ | संस्थाको कार्यालय वा तोकेको स्थान | संचालक समिति र कर्मचारीहरू,सेयर सदस्य |
| ७ | व्याज वितरण | अर्ध बाषिक । वार्षिक | २ र १ | संस्थाको कार्यालय | संचालक समिति र व्यवस्थापक |
| ८ | आन्तरीक लेखा परिक्षण | भाद्र मसान्त सम्ममा | २ | संस्थाको कार्यालय | लेखा सुपरिवेक्षण समिति व्यवस्थापक |
| ९ | अन्तिम लेखा परिक्षण | असोजको पहिलो हप्ता भित्र | १ | संस्थाको कार्यालय | दर्तावाला लेखा परिक्षक |
| १० | वार्षिक साधारण सभा | आश्विन मसान्त भित्र | १ | सभा हल | संचालक समिति, कर्मचारीहरू र सेयर सदस्यहरू |
| ११ | सम्मान तथा पुरस्कार वितरण | वार्षिक साधारण सभाको अवसरमा | १ | सभा हल | संचालक समिति र कर्मचारी |
| १२ | राहत तथा सामाजिक सेवाका कार्यक्रम | आवश्यक समयमा | आवश्यकता अनुसार | तोकिएको स्थान | संचालक समिती, कर्मचारी,सेयर सदस्य |

| सि.नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १३ | संस्थाको कार्यक्षेत्र विस्तार र सेवा केन्द्र स्थापना | आवश्यकता अनुसार | आवश्यकता अनुसार | संस्थाको कार्यक्षेत्रको टोलमा | संचालक समिति र व्यवस्थापक |
| १४ | वार्षिक प्रगति समिक्षा र सदस्य जोखिम विश्लेषण | आवश्यकता अनुसार | आवश्यकता अनुसार | संस्थाको कार्यालय | व्यवस्थापक,संचालक समिति,उप-समितिहरू, कर्मचारीहरू |
| १५ | सहकारी अवलोकन भ्रमण | उपयुक्त समयमा | १ पटक बढीमा ३० जना सम्म | उपयुक्त स्थान | संचालक समिती,लेखासुपरिवेक्षण समिति, उप-समितिहरू कर्मचारी र ऋणी सेयर सदस्यहरूबाट । |
| १६ | तालिम तथा गोष्ठी | सरोकार निकायले माग गरेमा | २ वटा | तोकिएको स्थान | संचालक समिती, कर्मचारी,सेयर सदस्य |
| १७ | संस्थाबाट सहकारी क्षेत्रका तालिम तथा गोष्ठिमा सहभागिता | आवश्यक्ता अनुसार | आलो पालो गरि सहभागि हुने | जिल्ला भित्र,राष्ट्रिय स्तर र अन्तराष्ट्रिय | संचालक समिती,उप-समिति,लेखा सुपरिवेक्षण समति र कर्मचारी । |
| १८ | सदस्य सन्तुष्टी सर्वेक्षण | उपयुक्त समयमा | ३ | संस्थाको कार्यक्षेत्र भित्र | कर्मचारीहरू र प्रशिक्षार्थी कर्मचारीहरू । |
| १९ | कर्मचारी थप भर्ना | यस आ.व.भित्र | २ | संस्थाको कार्यालय | संचालक समितिले गठन गर्ने पदपूर्ति समिति र व्यवस्थापक । |
| २० | स्वास्थ्य बिमा कार्यक्रम उत्प्रेरणा | वर्ष भरि | वर्ष भरि | संस्थाको कार्यक्षेत्र भित्रका सेयर सदस्य | संचालक समिती, उपसमितिहरू, कर्मचारी,प्रशिक्षार्थी कर्मचारी । |
| २१ | रजत बर्ष अतिरिक्त कार्यक्रमहरू | बर्षमा ४ पटक | वर्ष भरि | संस्थाको कार्यक्षेत्र भित्रका सेयर सदस्य,विद्यालय,सुरक्षानिकाय तथा स्वास्थ्य निकायहरू । | संचालक समिती, उपसमितिहरू, कर्मचारी,प्रशिक्षार्थी कर्मचारी । |

## आदरणीय उपस्थित मान्यजन तथा सेयर सदस्य महानुभावहरू,

सहकारी ऐन २०४८ अनुसार रहेको संस्थाको विनियम २०५२ लाई गत साधारणसभाले विनियम पुर्नलेखन गरि स्थानिय पालिकाको स्वीकृति पश्चात लागू गर्ने भनी निर्णय गरिए अनुसार सहकारी ऐन २०७४ र नियमावली २०७५ वमोजिम संस्थाको विनियम २०५२ लाई पुर्नलेखन गरि पुर्नलिखित विनियम २०७७ स्वीकृति पश्चात लागु गरिएको छ । पुर्नलिखित विनियम-२०७७ मा विनियम २०५२मा भन्दा फरक भएका परिवर्तित दफा तथा उप-दफाहरू निम्न अनुसार रहेको यस सम्मानित सभामा जानकारी गराउँदछु ।

### परिच्छेद १
### प्रारम्भिक

**४. संस्था एक संगठित संस्था हुने :-**

(२) संस्थाको सवै काम काज प्रमाणित गर्नका लागि छुटै चिन्ह अंकित छाप रहने छ । शिर्ष भागमा सदस्यहरूको साझा घरको प्रतिनिधित्व स्वरुप घरको छाना रुपी चुली र भित्र माथिल्लो भागमा सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. र तल्लो भागमा पाँचकुना भएका दुई ताराहरू विचमा इलाम र भित्रि गोलाकारमा महिला र पुरुषको समान प्रतिनिधित्व गर्ने दुई हातको रेखाचित्र मुनि स्था : २०५२ लेखिएको संस्थाको हस्ताक्षर सरह अनुसुची-१मा उल्लेख गरिए बमोजिमको एक छाप हुनेछ । संस्थाको चिठि,ब्यानर,प्रतिवेदनहरू आदिमा भने माथि उल्लेख गरे अनुसारको रातो रंगमा गोलाकार भित्र संस्थाको नाम निलो रंगमा सार्थ सानो गोलाकार भित्र दुई हत्केला,स्था : २०५२ भने रातो अक्षरमा हुनेछ ।

### परिच्छेद-३
### सदस्यता

१८ (क.) सहकारी ऐन २०७४ र सोही अन्तर्गत बनेको सहकारी नियमावली, सहकारी मूल्य मान्यता, सिद्धान्त र संस्थाको बिनियमको पालना गरी संस्था सञ्चालन गर्ने स्वघोषणा गर्ने कार्यक्षेत्र भित्रका योग्यता पुगेका व्यक्तिहरूले संस्थामा सदस्य बन्न पाउने छन ।

(ख.) संस्थाका सदस्यहरूमा संस्थापक सदस्य, साधारण सदस्य वा कारोवारी सदस्य भनेर कसैलाई पनि विभेद गरिने छैन ।

### परिच्छेद-५
### साधारण सभा, वडा तथा टोल स्तरिय सेवाकेन्द्र

३२ (१) **वडा तथा टोल स्तरिय सेवाकेन्द्र** : संस्थाका समस्त कार्यक्रमहरूमा सबै सेयर सदस्यहरूको नियमित रूपमा प्रत्यक्ष एवं रचनात्मक सहभागिता सुगम बनाउन कार्यक्षेत्र अन्तर्गत साधारणतया भौगोलिक अवस्था र सदस्य संख्याको आधारमा सदस्यहरूलाई पायक पर्ने गरी वडा तथा टोल स्तरिय क्षेत्रमा सङ्कलन, वितरण वा परिचालन सेवा संयोजनको बिन्दु पारेर सेवा केन्द्र संचालन सम्बन्धी कार्यबिधी तयार गरी साधारण सभाको अनुमोदन पश्चात सेवा केन्द्रहरू संचालन गरिनेछ। (२) उपदफा (१) बमोजिमको सेवा केन्द्र अन्तर्गत कायम रहेका सदस्यहरूको सहभागीतमा गाउँ/टोल मा पनि समुह गठन गरी नियमित बैठकहरू संचालन हुनेछन ।

परिच्छेद-८

## कोषको व्यवस्था

**५६ नाफा/उबार, बचतको बितरण :**

१. संस्थाको वर्षको खुद बचतको रकमबाट कम्तीमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरिनेछ ।

२. खुद बचतबाट जगेडा कोषमा २५ प्रतिशत विभाजन गरी अन्य बाँकी रहल बचतलाई १०० प्रतिशतमानी निम्न अनुसारको कोषमा विभाजन गरिने ।

२.१) संरक्षित पुँजी फिर्ता कोषमा कम्तिमा २५ प्रतिशत

२.२) सहकारी प्रबर्द्धन कोष ०.५ प्रतिशत

३. संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रबर्द्धन कोषमा रकम छुट्याई बाँकि रहेको रकमलाई १०० प्रतिशत मानी निम्न अनुसारको कोषमा विभाजन गरिनेछ ।

| | | |
|---|---|---|
| क) | सेयर लाभांश कोष | ५० प्रतिशत |
| ग) | कर्मचारी बोनस कोष | ५ प्रतिशत |
| घ) | घर जग्गा खरिद कोष | ५ प्रतिशत |
| ङ) | सहकारी शिक्षा कोष | ५ प्रतिशत |
| च) | ऋण जोखिम कोष | ११ प्रतिशत |
| छ) | सदस्य राहात कोष | १२ प्रतिशत |
| ज) | स्थीरीकरण कोष | २ प्रतिशत |
| झ) | संस्था बिकास कोष | ५ प्रतिशत |
| ञ) | सामुदायिक बिकास कोष | ५ प्रतिशत |

परिच्छेद-१०

## कारोबारमा सीमाङ्कन

**६८ स्वार्थ बाँझिने निर्णयमा सहभागितामा प्रतिबन्ध:** कुनै संचालक, सदस्य तथा कर्मचारीहरूको स्वार्थसंग सम्बन्धित निर्णय सहभगीता गर्न प्रतिबन्ध हुने छ ।

परिच्छेद-११

## अभिलेख

**७२ कारोबारको लेखा :** संस्थाको आर्थिक कारोबारको लेखा दर्ता गर्ने अधिकारीले तोकेको लेखामान एवं खाता संरचनाबमोजिम राखिनेछ ।

**७३ संस्थाले राख्नुपर्ने बही खाता :**-संस्थाको कामकार्यवाही सञ्चालन गर्न देहाय बमोजिमका बही खाता र कितावहरू राखिने छन :

(क) सदस्य दर्ता किताव ।

(ख) प्रारम्भिक साधारण सभा,विशेष साधारण सभा, वार्षिक साधारणसभा, सञ्चालक समिति,लेखा समिति, उपसमितिहरूको र कर्मचारीहरूको वैठकको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरू ।

(ग) नगद वहीखाता र ढिकुटि ब्यवस्थापन खाताहरू ।

(घ) संस्थाले अरु कुनै व्यक्ति वा संघ संस्थासँग गरेको कारोवार देखाउने खाता ।

(ङ) सेयर दर्ता किताव ।

(च) ऋण लेनदेन गरेको खाता ।

(छ) वेरुजु एवं संपरीक्षण किताव ।

(ज) पत्रको दर्ता र चलानी खाता ।

(झ) सदस्यहरूको व्यक्तिगत वचत, ऋण र सेयर खाता ।

(ञ) जिन्सी दर्ता किताव ।

(ट) आम्दानी,खर्च,सम्पत्ति र दायित्व देखिने सहकारी लेखाप्रणालीका ४ खाताहरू ।

(ठ) समय समयमा रजिष्ट्रारले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

(ड) माथि उल्लेखित सम्पुर्ण खाताहरूलाई समेट्ने विधुतिय सफट्वेयर ।

**७६. विद्युतीय लेखा प्रणालीको प्रयोगः** संस्थामा विद्युतीय लेखा प्रणालीको प्रयोग गर्दा सम्पत्ति शुद्धीकरण जोखिम मूल्याङ्कन गरी दर्ता गर्ने अधिकारीको पूर्व-स्वीकृति लिइनेछ ।

**७७. अन्य आधारभूत कागजातः**

१) सदस्यता आवेदन फाराम ।

२) सदस्य पहिचान फाराम ।

३) ऋण मांग फाराम ।

४) ऋण तमसुक ।

५) संस्थाको लेटरप्याड ।

६) संस्था चिनारी ।

७) सस्थाको वैधानिकता सम्बन्धीका कागजपत्र ।

## परिच्छेद -१३

## विविध

**८५ समितिका पदाधिकारी तथा संचालक सदस्यहरू अवैतनिक हुने :-**

सञ्चालक समिति र लेखा सुपरिवेक्षक समितिका पदाधिकारीहरू,सदस्यहरू अवैतनिक हुनेछन् तर यसले विषेश कार्यका लागि दिईने भत्ता,बैठकहरूमा तोकिएको भत्ता र संस्थाले बाहिरी परामर्शदाता लिई भुक्तानी दिनु पर्ने कामहरू(संस्थाको विनियम,निर्देशिका,कार्यविधि तयार,ट्फी,छपाई आदि) संचालक भित्रैबाट तयार गरि बुझाउन सक्ने क्षमता भएको खण्डमा संचालक समिति वा उपसमितिहरूबाट नै त्यस्ता प्रकारका कार्य सम्पादन गरिने र यस्ताखाले पारिमक वा भत्ता प्रतिष्पर्धि अनुरुपकै भएमा लिनलाई वाधा पुऱ्याइएको मानिने छैन ।

**८७ मध्यस्थता :-**

(१) संस्थाको लेनदेन तथा कारोवारको सम्वन्धमा देहाय वमोजिमका पक्षहरूका वीच विवाद उठी सो विवाद समिति तथा साधारण सभाबाट समाधान हुन नसकेमा सो को समाधानका लागि संचालक समितिले सहकारी परामर्शदाता सहितको ३ जनाको उपसमिति बनाई माध्यस्थताको लागि अनुरोध गर्न सक्नेछ ।

(क) संस्था र जिल्ला सहकारी संघ वा विषयगत संघ वा केन्द्रीय संघ वा राष्ट्रिय सहकारी संघका वीच ।

(ख) संस्था र आफ्ना कर्मचारीहरूका वीच ।

(ग) संस्था र संचालक समिति वा संचालक वीच ।

(घ) संचालक समिति वा सदस्यहरू वीच ।

(२) उपदफा (१) वमोजिम उपसमितिलाई संस्था,सञ्चलक समिति,सञ्चालक सदस्य वा संस्थाका अध्यक्षले विवाद समाधानका लागी अनुरोध गर्न सक्नेछ ।

(३) उपदफा १ बमोजिम उपसमितिलाई समाधानका लागी सुम्पिएको विवादको निरुपण गर्ने दुई पक्ष मध्ये प्रत्येक पक्षले एक एक जना र संस्थाले सल्लाहकारको ब्यवस्था गरेको भएमा सल्लाहकारहरूबाट एक जना गरी जम्मा ३ जना मध्यस्थकर्ता मनोनित गर्नु पर्ने छ ।

(४) सल्लाहकारबाट मनोनित मध्यस्थकर्ताले अध्यक्षता गर्ने छ । मध्यस्थकर्ताहरूको विवाद सम्वन्धि निर्णय वहुमतबाट हुनेछ ।

(५) सल्लाहकारहरूबाट मनोनित मध्यस्थकर्तालाई प्रत्येक बिवादित पक्षलाई धर्म भकाउने, लिखित कागजपत्र,बहिखाता आदी जुनसुकै प्रमाणको कागज र साक्षी भिकाउने ,खर्च भराउने, प्रमाण बुझ्ने आदि गर्ने अधिकार हुनेछ ।

(६) मध्यस्थकर्ताको निर्णय फैसला प्रत्येक पक्षलाई एक प्रति सम्बन्धीत मिसिल कागजातको साथ सल्लाहकारहरू समक्ष पठाउनु पर्नेछ ।

**२६ ऐन, नियमावली सँग बाझिएकोमा अमान्य हुने :**

(१) यस विनियममा उल्लेखित कुनै व्यवस्था सहकारी ऐन नियम र सिद्धान्तसंग वाभिन गएमा वाभिएको हदसम्म स्वत :अमान्य हुने छ एवम् यस विनियममा उल्लेख नभएका कुराहरूको वारेमा सहकारी ऐननियम र सिद्धान्त वमोजिमको संस्थाको काम कारवाही संचालन गरिने छ ।

(२) चूक्ता सेयर पूँजीको १५ गुण भन्दा बढी बचत संकलन गरिने छैन ।

(३) सहकारी संस्थाको साइनबोर्डमा "सहकारी ऐन २०७४ बमोजिम स्थापित"भनि लेखिनेछ र सवै सदस्यले देख्ने गरी राखिनेछ ।

(४) सहकारी सिद्धान्त मूल्य मान्यता र सहकारी ऐन नियम बिपरित हुने गरी संस्थाको अनावश्यक रुपमा खर्च बढ्ने गरी बिज्ञापन तथा कार्यालयको तडक भडक देखाइने छैन ।

(५) संस्थाको आम्दानीको तुलनामा धान्न सक्ने गरी मात्र कर्मचारी राखिने छ ।

(६) संस्थाको आम्दानीबाट खर्च मात्र गर्ने गरी अनावश्यक रुपमा बैठकभत्ता तथा बिनियममा व्यवस्था नभएका खर्चहरू गरिने छैन ।

(७) सदस्यहरूबाट संकलन गरिएको बचत रकम संस्थाको बचत तथा ऋण लगानी नीतिको अधिनमा रही व्यवसाय बृद्धिको लागी सुरक्षित किसिमबाट मात्र लगानी गरिने छ ।

(८) कुनै पनि विमा कम्पनि तथा वित्तीय संघ संस्थाहरू सँग सम्झौता गरि सेयर सदस्य तथा कर्मचारीहरूको जिवन विमा,ऋण लगानि विमा र निर्जिवन विमा संस्थाले गर्न सक्ने छ। विमावापत लाग्ने सम्पूर्ण रकम सेयर सदस्य र कर्मचारीहरूले नै बेहोर्नु पर्ने छ । यस्तो कार्य सम्पादन वापत कम्पनिबाट प्रप्त कमिशन रकम संस्थाको आम्दानि हुनेछ ।

(९) ऋण लगानी गर्दा एकै पटक सञ्चालक समितिका पदाधिकारीहरू सवैलाई लगानी नगरी एक पटकमा ४९ प्रतिसत सम्मलाईमात्र गरिने छ ।

(१०) ऋण लगानीको सिमा संचालक समितिको निर्णय वा आपसि छलफबाट निर्धारण गरिनेछ र एकै व्यक्तिलाई बिभिन्न व्यक्तिको नामबाट ऋण सेवा उपभोग गर्न दिईने छैन ।

(११) बचत परिचालन गर्दा नेपाल राष्ट बैंकले तोकेका मापदण्डहरूको समेत पालना गरिने छ।

(१२) संस्था सञ्चालन गर्दा सेवाको लेनदेन गर्ने तथा संस्थाको उद्देश्यसँग मेलखाने संस्थाको सदस्य हुन इच्छुक व्यक्तिलाई संस्थाको क्षमताले धान्न सक्ने अवस्थासम्म सेयर सदस्यता सहकारी सिद्धान्त अनुसार सदा खुल्ला राखिनेछ।

(१३) सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलाम नगरपालिका-७,मालापथ ले गरेको सबै काम तथा कारोबारहरू यसै विनियम अनुसार भएको मानिनेछ।

## आदरणीय उपस्थित मान्यजन तथा सेयर सदस्य महानुभावहरू,

हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस गरिमामयसभामा उपस्थित भई हामिलाई हौसला दिनु हुने प्रमुख अतिथि,विषेश अतिथि,अतिथि,सल्लाहकार ज्युहरू,संचारकर्मी मित्रहरू,लेखा सुपरिवेक्षण समिति संयोजक तथा सदस्यहरू,संचालक समितिका सहकर्मी मित्रहरू,उप-समितिका सदस्यहरू,कर्मचारी साथीहरू, प्रेरणादायी ब्यक्तित्वहरू लगायत उपस्थित सेयर सस्दस्य महानुभावहरूमा प्रस्तुत प्रतिवेदनलाई गहन अध्ययन मनन गरि राय सुझाव भए राय सुझाव सहित अनुमोदन गरि दिन हुन यस सम्मानित सभा समक्ष जानकारी गराउंदछु। यसै गरि यो १९ औ वार्षिक साधारण सभा तथा रजत वर्ष २०७८ मा स्थानिय पालिका,जिल्ला संघहरू लगायत सहकारी क्षेत्रलाई सदैव सल्लाह,सुझाव,परामर्श गर्नु हुने राष्ट्रिय स्तरका संस्थाहरू, नेफस्कुन तथा राष्ट्रिय सहकारी बैंक आदिले लिखित शुभकामना दिनु भएकोमा हार्दिक आभार ब्यक्त गर्दै धन्यवाद प्रकट गर्न चाहान्छौ।

अन्त्यमा, कोभिड-१९ को महामारिबाट दिवङ्गत हुनु भएका सेयर सदस्य तथा सेयर सदस्यका परिवारीक सदस्यहरूमा भावपुर्ण श्रद्धान्जली अपर्ण गर्दै दिवङ्गत आत्माको चिर शान्तिको कामना सहित शोक सन्तब्द परिवारजनहरूमा शोकलाई शक्तिमा रुपान्तरण गर्ने सहास मिलोस भनि सम्पूर्ण धार्मिक शक्ती पिठहरूमा कामना गर्दछौ।

जय सहकारी

संचालक समितिको तर्फबाट

गोपाल पौड्याल

(अध्यक्ष)

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि., इलाम।

# १९ औं वार्षिक साधारण सभा तथा रजत बर्ष २०७८ मा सचिवद्वारा प्रस्तुत प्रतिवेदन

**०७८ पौष १०**

## सभाका सभाध्यक्षज्यू



प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, अतिथि ज्यूहरू, पत्रकार ज्यू, संचालक समितिका मित्रहरू, लेखा समितिका संयोजक तथा सदस्यज्यूहरू धितो मुल्याँकन उप समितिका सदस्यहरू, ऋण उप समितिका सदस्यहरू, शिक्षा उप समितिका सदस्यहरू, महिला उधमशिलता बिकास उप समितिका सदस्यहरू तथा उपस्थित सम्पुर्ण शेयर सदस्य ज्यूहरूमा हार्दिक स्वागत अभिवादन गर्न चाहान्छु । सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलामको यस सम्मानित १९ औं बार्षिक साधारण सभा तथा रजत बर्षमा संस्थाको संक्षिप्त संस्थागत गतिविधि प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

## शेयर सदस्य महानुभाव

यस साधारया सभामा संस्थाका अध्यक्ष ज्यू बाट संस्थाको निती, कार्यक्रम तथा समग्र गतिविधिका सवालहरूमा प्रस्तुत भैसकेको छ भने संस्थाका कोषाध्यक्षज्यू बाट आ.व. ०७७।०७८ को प्रस्ताबीत आय ब्यय तथा आ.व. ०७७।०७८ को यथार्थ बजेट र आ.व.०७८।०७९ को अनुमानित प्रस्तावीत बजेट प्रस्तुत गर्नुहुने नै छ तसर्थ त्यस तर्फ यहाँहरूको ध्यान आकृष्ट गर्न चाहान्छु ।

करिव ०७६।७७ तथा ०७७।७८ वित्तिय कारोवार गर्ने सस्थाहरूले निकै ठुलो संक्रमणको अवस्था पार गर्नु पर्यो अपेक्षीत लगानिहरू हुन सकेन, लगानिमा रहेका ऋण तथा वचत संकलन पुर्ण रुपले हुन सकेनन् लगानिमा रहेका हाम्रा व्यवसायीहरूका व्यवसाय संचालन हुन सकेनन यसले आम्दानिका स्रोतहरू घट्नुका साथैं लगानि र असुलिको चक्रमा अवरोधहरू श्रृजना भए । जसका कारण आर्थिक वृद्धिका सवै सुचाङ्कहरूमा लक्ष अनुरुपको प्रगति हुन नसकेता पनि गत वर्षको तुलनामा यस वर्ष देखिएको प्रगति अध्यक्षज्यू को प्रतिवेदनवाट यहाँहरूमा जानकारी प्राप्त भई सकेको छ भने कोषाध्यक्षज्यूको यथार्थ वजेटको अध्ययनवाट यहाँहरूमा थप पुस्टयाई हुने नै छ ।

विषम परिस्थिति हुदाँ हुदै पनि कुनै न कुनै घटनाक्रमले केहि न केहि पाठ सिकाएर जाँदो रहेछ । हामिमा पनि केहि सिकाई भएको छ केहि काम गर्न गर्न सकिएको छ जुन संक्षिप्त रुपमा पेस पेश गर्न चाहन्छु ।

- संस्थागत बडापत्र पुनराबलोकन गरि तयार गरिएको छ ।
- चार बर्षे रणनितिक योजना निर्माण गरि योजना अनुसार बचतका प्रकारहरू थप गरिएको छ भने ऋणमा समेत बिबिधीकरण गरिएको छ ।
- विभिन्न रेमिटान्सका IME, प्रभु मनि ट्रान्सफर,वेर्स्टन मनि ट्रान्सफर को सेवा संचालनमा ल्याई शेयर सदस्यहरूलाई थप सेवा सुबिधाहरू उपलब्ध गराउदै आएको छ ।
- दिन दैनिक भएका सम्पुर्ण आर्थिक गतिबिधीहरूलाइ संस्थाको बोर्डमा लिपीबद्ध गरी यसलाई मासिक रुपमा अद्यावधिक गराई संचालक समितिको बैठकमा प्रतिबेदनको रुपमा प्रस्तुत गरिने परिपाटीको विकास भएको ।
- संस्थाको नाममा फेसबुक पेज ,फेसबुक आई.डी.मार्फत संस्थागत गतिबिधीहरूलाई सदस्यहरू माझ पुर्याउने परिपाटिको विकास भएको ।
- मेम्बर अफ द डे, मेम्बर अफ द मन्थ बाट दैनिक कारोवार हुने गरेको साथै सो कारोबारलाई संस्थाको फेस बुकमा समेत राखिदै आएको ।

- सामाजिक सेवाभाव अन्तर्गत सदस्यहरूको हितकोस खडा गरि जन्मदेखि मृत्यसम्म संस्था सदस्यहरूको घर परिवारसँग जोडिन पुगेको छ ।
- छिटो, छरितो र सहज सेवा उपलब्ध गराउनका निमित्त कार्यलय व्यवस्थापन, दक्ष कर्मचारी, आवस्यक कार्यलयको गतिविधिहरू संचालन गर्नका लागि आवस्यक उपकरणको व्यवस्था गरिएको ।
- सस्था संचालनका लागि आवस्यक सस्थागत कार्यविधिहरू तयार गरि विधिवत रुपले सेवा उपलब्ध हुन थालेको ।
- सामाजिक सेवाको भावले कोरोना न्युनिकरण तथा रोथाममा सहयोग पुर्याउने हेतुले कोरोना व्यवस्थापनका लागिं ईलामेहरूको घाउमा मलम पट्टि अभियानमा यस संस्थाको तर्फवाट रु १५००० सहयोग उपलब्ध गराईएको

## सस्थामा भएका लिपिवद्ध कागजातहरू

| | |
|---|---|
| पुनर्लिखित विनियम | २०७७ |
| दैनिक कार्य संचालन निर्देशिका | २०६१ |
| मनव संसोधन तथा आर्थिक प्रसासनिक निर्देशिका | २०७६ |
| निर्वाचल निमावलि | २०७६ |
| रणनितिक योजना | २०७६ |
| सम्पति सुधिकरण निवारण कानुन पालना सम्वन्धि कार्यविधि | २०७६ |
| उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका | २०७७ |
| सहकारी ऐन | २०७० |
| महामारी समयमा सहकारी सेवा व्यवस्थापन निर्देशिका | २०७७ |
| सदस्य र सदस्यको एकाघरका परिवारलाई सहयोग पुरस्कार सम्मान तथा राहात कार्यविधि | २०७८ |

## सारोकार वाला निकायहरू



यस सहकारीको उपरोक्त सरोकारवाला तथा अन्य सरोकारहरूसंग फराकिलो र गहिरो सम्वनध रहेको छ। सस्थागत सुध्रिणिकरण र विकासमा समन्वयकारी भुमिका निर्वाहले सवै सरोकारवालाहरूको पारसपरिक सम्वन्ध विकास भई कार्य सम्पननातामा सहज भएको छ।

## सम्मान तथा प्रोत्साहान कार्यक्रमका विधाहरू

- सेयर सदस्य सम्मान कार्यक्रम
- जेष्ठ नागरिक सम्मान कार्यक्रम
- छात्रवृति कार्यक्रममा प्रोत्साहन
- कर्मचारि सम्मान कार्यक्रम
- सदस्य राहात कार्यक्रम

## शेयर सम्मान कार्यक्रमहरू अर्न्तगत हाल सम्म बिभिन्न बिधामा सम्मानित सदस्यहरू

बिजय राई ,मन्जु चापागाँई ,कृष्ण शिवा ,सुबास शाह मोदी ,कृष्ण प्र घिमिरे, कृष्ण प्र. श्रेष्ठ ,सुनगाभा बिकास संस्था, लिलामाया थापा, कौशिला राई ,रुपिणा राई, प्रेमबहादुर खत्री सुबेदी ,सुरेन सुबेदी ,सिता भण्डारी, एस .बि. लिम्बु ,हरि कटुवाल ,पबिमाया गुरुङ्ग, चुडामणी सापकोटा, महालक्ष्मी राजलवट, टेकबहादुर श्रेष्ठ, सोमनाथ अधिकारी, देबी कार्की, युसामा देवान, महेन्द्रकुमारी कटुवाल, देबीकुमारी लिम्बु राई,सुमन दाश, जोलिस राजलवट, हरिबहादुर दहाल, खगेन्द्र सुबेदी, मालती थापा, आयुश्री बस्नेत, युडेन मगर, कमला श्रेष्ठ, पासाङ्ग डोमा शेर्पा, शान्तामाया राई, गम्बीर हेल्मु, जेनिल ताम्राकार

## जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत सम्मानित सदस्यहरू

- चित्रकुमारी पराजुली
- कृष्णकुमारी पौडेल
- बिरबहादुर घिमिरे
- सनमाया तामाङ्ग
- यज्ञनीधि बराल
- नरमाया कार्की
- केशरबहादुर थापा
- दिर्घमाया थापा
- मायादेवी तामाङ्ग
- भुवानीदेबी अधिकारी
- मन्जिला राजलवट
- डिगबहादुर कोइराला
- ललीमाया मगरनी
- कृष्णमाया सुबेदी
- मनमाया थापा
- मधु श्रेष्ठ
- तुलसी प्र. भट्टाई
- रतनलाल अग्रवाल
- भीमादेबी कार्की
- छत्रबहादुर सुबेदी
- शंखर ठाकुर
- सुलोचना अग्रवाल
- हरिमाया रायागंगादेबी भट्टराई

## शेयर सदस्यका छोरा छोरीहरू मध्ये SEE (सामुदायिक तथा नीजि बिद्यालय) मा अध्यनरत छात्रवृत्ति कार्यक्रम अन्तर्गत हाल सम्म छात्रबृत्ति पाउने छात्र ,छात्राहरू

- श्री ईश्वरकुमार सुबेदी को छोरी — युरिका सुबेदी
- श्री बिन्द्र कोइरालाको छोरा — बिबेक कोईराला
- श्री बिश्वनाथ काफ्लेको छोरी — सर्बसा काफ्ले
- श्री दिवाकर भण्डारीको छोरी — बिन्दु भण्डारी

- श्री माया थाम्सुहाङ्गको छोरा — तान्छोक थाम्सुहाङ्ग
- श्री अमृता सिं को छोरी — सिसम सिं
- श्री कमला श्रेष्ठ कोइरालाको छोरा — संकल्प कोइराला
- श्री मिना फुएल भण्डारीको छोरा — निरोज भण्डारी
- श्री चित्रबहादुर थापाको छोरी — दिया थापा
- श्री मन्जु चापागाईको छोरा — प्रसान्त चापागाँई
- श्री गोबिन्द बि.क.को छोरी — रुजा बि.क.
- श्री तेजालक्ष्मी गुरागाँई अधिकारीको छोरा — प्रशान अधिकारी
- श्री कुशुम खतिवडा गुरागाँईको छोरा — हिमाल गुरागाँई
- श्री कृष्णा शाहीको छोरी — प्रेना शाही
- श्री रिङ्कु श्रेष्ठकी छोरी — मेरीना श्रेष्ठ

## कर्मचारी सम्मान तर्फ हाल सम्म सम्मानित कर्मचारीहरू

- रिता घिमिरे थापा
- फुलकुमारी प्रधान
- कृष्णकुमार कार्की
- सुरेश सापकोटा
- भुवन सुवेदी

## सदस्य राहात बितरण कार्यक्रम अन्तर्गत हाल सम्म राहात पाउने मृतक सदस्यहरू

- निजता मल्ल कट्टेल
- छबिलाल बि.क.
- अजितकुमार बुडाथोकी
- पूर्ण ब. त्रिखत्री
- सुबास शाह मोदी
- गोपाल श्रेष्ठ

उपस्थित सदस्य महानुभावहरू सस्था प्रतिकुल अवस्थामा रहदा पनि यसको साखलाई जोगाई राख्न यहाँहरूको अव्वल भुमिका रहेको छ, संस्थाले निरन्तर सफलता हासिल गर्दै जानुमा तपाई सम्पूर्ण शेयर सदस्यहरूको महत्वपूर्ण योगदान रहेको निर्विवाद छ। यसर्थ संस्थाको सचीव रहेको नाताले यहाँहरूप्रति आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु साथै संस्थाको उन्नती र प्रगतिमा यहाँहरूबाट सदाझैं यसरी नै निरन्तर सहयोग, सल्लाह र सुझावको अपेक्षा गर्न चाहान्छु।

अन्तमा १९ औं बार्षिक साधारण सभा तथा रजत बर्षमा संस्थाले तयार गरेको योजना जिम्मेवारी सफल बनाउन हामी सबै शेयर सदस्यहरूको सहयोगको आशा राख्दै यस सम्मानित सभामा हार्दिक स्वागत गर्दै संस्थाको तर्फबाट सचिवद्धारा प्रस्तुत प्रतिवेदन उपर ब्यापक छलफल गरि सल्लाह सुझाव सहित पारित गरिदिनुहुन अनुरोध गर्दे प्रस्तुतिकरणको अन्त्य गर्न चाहान्छु।

**जय सहकारी**

**नविन लामिछाने**

सचिव

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि., इलाम

# १९ औं वार्षिक साधारण सभा तथा रजत बर्ष २०७८ आर्थिक बर्ष २०७७/०७८ को संक्षिप्त आर्थिक विवरण तथा आर्थिक बर्ष २०७८/०७९ का लागि प्रस्तावित वित्तिय लक्ष्य तथा बजेट



यस संस्थाको १९ औं वार्षिक साधारण सभा तथा रजत बर्ष समारोहका अध्यक्ष महोदय, अग्रज व्यक्तित्वज्यूहरू, शेयर सदस्यज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, अन्य उप-समितिका सहकर्मी साथीहरू, पत्रकार मित्रहरू, कर्मचारी साथीहरू र शुभ-चिन्तक महानुभावहरूमा सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.को कोषाध्यक्षको हैसियतले म आ.व.०७७।०७८ को संक्षिप्त आर्थिक विवरण तथा आर्थिक बर्ष २०७८/०७९ को लागि प्रस्तावित वित्तिय लक्ष्य तथा बजेट पेस गर्ने अनुमती चाहान्छु ।

## गत आ.ब.को बित्तिय लक्ष्य तथा प्रगती

यस संस्थाको वासलात गत बर्ष रु.६,७६,८५,४४१। रहेकोमा यस बर्ष ३६।८० प्रतिशतले बृद्धि भई रु.९,२५,९६,०२३। पुगेको छ । यस संस्थाको शेयर पुँजी गत बर्ष रु.१,३३,७१,०००। रहेकोमा यस बर्ष ११।४७ प्रतिशतले बृद्धि भई रु.१,४९,०४,९००। शेयर पुगेको छ । त्यसै गरी बचत गत बर्ष रु.४,८१,३७,४५९। रहेकोमा यस बर्ष ४६।८८ प्रतिशतले बृद्धि भई बचत रु.७,०७,०८,९६६। पुगेको छ। त्यसै गरी ऋण लगानी गत बर्ष रु.५,३२,२९,५६४। रहेकोमा यस बर्ष ९।१६ प्रतिशतले बृद्धि भई कुल लगानीमा रहेको ऋण रकम रु.५,८१,०६,७०९। पुगेको छ ।

## बचत संकलन तथा ऋण लगानीको स्थिती

संस्थाले संचालन गरेको बचतका बिभिन्न १३ प्रकारहरू बचत मार्फत बाटै बचत संकलन गरेको छ । जस मध्ये नियमित मासिक बचत, दैनिक बचत, बिषेश बचत,सुनगाभा सुनौलो भबिश्य बचत,चाडपर्ब बचत,बाल बचत, जेष्ठ नागरिक बचत,घरायसी उपकरण खरिद बचत,भ्रमण बचत,शैक्षिक बचत,आवधिक बचत लगायतका बचत प्रमुख रहेका छन् । यस बर्ष संस्थाले रु.११,०५,५४,७२४। बचत संकलन गरेको छ । जुन बार्षिक बचत संकलन लक्ष्यको ७८।६९ प्रतिशत रहेको छ । त्यसै गरी संस्थाले यस आ.व.मा रु.८,७९,८३,२१७। बचत फिर्ता गरेको छ । जुन बार्षिक लक्ष्यको ८४।७७ प्रतिशत हुन आउँछ । बचत कार्यक्रममा सहभागी शेयर सदस्यहरूलाई नियमानुसार तोकिएको ब्याज गणना गरि प्रदान गरिएको छ । संस्थाले संचालन गरेको बिभिन्न प्रकारका ऋणका कार्यक्रमहरू मार्फत ऋण लगानी गरेको छ । जस मध्ये ब्यापारिक ऋण ,कृषि ऋण, बैदेसिक रोजगार ऋण, शैक्षिक ऋण ,सामाजिक ऋण,महिला उद्यमशीलता बिकास ऋण मा जम्मा रु.५,८१,०६,७०९। लगानी गरिएको छ । कोरोना महामारीका कारण यस बर्ष बार्षिक लक्ष्य अनुरुप ऋण लगानी गर्न नसकिएको कारण लक्ष्य अनुसार नाफा हासिल गर्न सकिएन ।

समग्रमा आ.व. ०७७।०७८ का लागि गरिएको बित्तिय प्रस्तावमा निम्न अनुसार उपलब्धि भएको जानकारी गराउन चाहन्छु।

| क्र.सं | बिवरण | लक्ष्य | उपलब्धी | उपलब्धी प्रतिशतमा |
|---|---|---|---|---|
| १ | शेयर थप | २३,००,०००।- | २१,९९,६००।- | -४.३६ % |
| २ | शेयर फिर्ता | ३,३०,०००।- | ६,६५,७००।- | १०१.७२ % |
| ३ | बचत संकलन | ८,७०,००,०००।- | ११,०५,५४,७२४।- | २७.०७% |
| ४ | बचत फिर्ता | ७,४५,८४,४००।- | ८,७९,८३,२१७।- | १७.९६ % |
| ५ | ऋण लगानी | ४,००,००,०००।- | ३,७०,४८,५००।- | -७.३७ % |
| ६ | ऋण असुली | ३,००,००,०००।- | ३,२१,७१,३५५।- | ७.२३ % |
| ७ | आम्दानी | ८९,६०,०००।- | ९१,२०,३७८।- | १.७८ % |
| ८ | खर्च | ७०,३०,९६८/८९।- | ७७,८६,५४१।- | १०.७४ % |
| ९ | शुद्ध बचत नाफा (कर सहित) | १९,२९,०३१/११।- | १३,३३,८४६।- | -३०.८५% |

१ आ.व. ०७७।०७८ मा संस्थाको कुल वासलात रु. ९,२५,९६,०२३। रहेकोमा आ.व.०७८।०७९ मा यसलाई ३० प्रतिशतले बृद्धि गरि रु.१२,०३,७४,८२९।९ पुर्याउने लक्ष्य राखिएको छ।

२ आ.व. ०७७।०७८ मा संस्थाको शेयर पुँजी रु. १,४९,०४,९००। रहेकोमा चालु आ.व. ०७८।०७९ मा यसलाई २५ प्रतिशतले बृद्धि गरी रु.१,८६,३१,१२५। पुर्याउने लक्ष्य राखिएको छ।

३ यस संस्थाको कुल बचत आ.ब.०७७।०७८ मा रु. ७,०७,०८,९६६।- रहेकोमा चालु आ.व.०७८।०७९ मा यसलाई २५ प्रतिशतले बृद्धि गरी रु.८,८३,८६,२०७।५।- पुर्याउने लक्ष्य राखिएको छ।

४ यस संस्थाको कुल ऋण लगानी आ.व.०७७।०७८ मा रु.५,८१,०६,७०९। रहेकोमा चालु आ.व ०७८।०७९ मा यस लाई २५ प्रतिशतले बृद्धि गरी रु.७,२६,३३,३८६।२५।- पुर्याउने लक्ष्य राखिएको छ।

५ आ.व.०७७।०७८ मा संस्थाले आर्जन गरेको कुल आम्दानी रु ९१,२०,३८७।- रहेकोमा चालु आ.व.०७८।०७९ मा यसलाई ३३।५ प्रतिशत बृद्धि गरी रु.१,२१,७५,७१६।४।- पुर्याउने लक्ष्य राखिएको छ।

६ आ.व.०७७।०७८ मा संस्थाको कर पछिको शुद्ध बचत नाफा रु. १२,१३,११०।- रहेकोमा चालु आ.व.०७८।०७९ मा यसलाई ६२.७ प्रतिशतले बृद्धि गरी रु.१९,७३,७२९.३८।- पुर्याउने लक्ष्य राखिएको छ।

## शेयर सदस्यज्युहरू,

अब म आर्थिक बर्ष २०७७/०७८ को प्रस्तावित र यथार्थ आय तथा ब्यय हिसाब बिवरणका साथै चालु आ.व. ०७८/०७९ को प्रस्तावित आय-ब्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## आ.ब. ०७७.०७८ को प्रस्तावित, यथार्थ र आ.ब.०७८.०७९ को लागि विनियोजित प्रस्तावित आय तथा ब्यय विवरण

| १ ब्याज आम्दानी | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| क. बैक ब्याज र लाभांश | ७,००,०००।- | १०,२०,७५२।- | १८,५७,६००।- |
| ख. ऋण लगानीको ब्याज | ७६,००,०००।- | ७६,७०,१६२।- | ९३,२९,५१४।- |
| जम्मा ब्याज आम्दानी रु. | ८३,००,०००।- | ८६,९०,९१४।- | १,११,८७,११४।- |
| २ अन्य आम्दानी | | | |
| क. रेमिट्यान्स र लगानीबाट | २,६०,०००।- | ५६,८६९।- | ४,३८,६०२।६४।- |
| ख. बिविध आम्दानी | ४,००,०००।- | ३,७२,५९५।- | ५,५०,०००।- |
| जम्मा अन्य आम्दानी रु. | ६,६०,०००।- | ४,२९,४६४।- | ९,८८,६०२।६४।- |
| १.कूल आम्दानी रु.(१+२) | ८९,६०,०००।- | ९१,२०,३७८।- | १,२१,७५,७१६।६४।- |

